


# आ. व. २०८१/०८२ को सामाजिक परीक्षण प्रतिवेदन

FWLD

अविभेद र समानताका लागि कार्यरत

# महिला, कानुन र विकास मञ्च (FWLD) को सामाजिक परिक्षण

महिला, कानून र विकास मञ्च (FWLD) नेपालमा लैङ्गिक न्याय, समान अधिकार र मानव मर्यादाको प्रवर्द्धनका लागि समर्पित अग्रणी संस्था हो। सन् १९९५ (वि.सं. २०५२) मा स्थापना भएदेखि नै यस संस्थाले संविधान, ऐन-कानून र नीतिहरूमा विद्यमान असमानता र भेदभावका रूपहरूको अन्त्य गर्न कानूनी सुधार, सार्वजनिक वकालत (Advocacy), अनुसन्धान तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। संस्थाको दृष्टि (vision) सबै नागरिकलाई न्याय र समानताको पहुँच दिलाउने हो भने मिशन (mission) कानूनी सशक्तिकरणमार्फत महिला, सीमान्तकृत र पिछडिएका समुदायहरूलाई सशक्त बनाउँदै सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउनु हो।

हाल नेपालमा महिला र बालबालिकामाथि हुने लैङ्गिक आधारित हिंसा (GBV), मानव बेचबिखन, र कानूनी पहिचानको अभाव अझै चुनौतीपूर्ण विषयहरू रहेका छन्। यी समस्याहरूका समाधानका लागि सरकार र नागरिक समाजबीचको साझेदारी अझ मजबुत हुन आवश्यक छ। यस परिप्रेक्ष्यमा FWLD को भूमिका अत्यन्तै महत्वपूर्ण छ - संस्थाले नेपालको संविधानको भावना अनुरूप समानताको अधिकारलाई व्यवहारमा उतार्ने कार्य गरिरहेको छ। नागरिकता ऐन, मानव बेचबिखन नियन्त्रण ऐन, तथा प्रजनन स्वास्थ्य अधिकार ऐनमा संस्थाको निरन्तर वकालतले नेपालको कानूनी सुधार प्रक्रियामा ठोस प्रभाव पारेको प्रमाणित हुन्छ ।

संस्थाको जवाफदेहीता, पारदर्शिता र सुशासनमा बल दिनका लागि नियमित सामाजिक परीक्षण (Social Audit) को अभ्यास संस्थाको उत्कृष्ट उदाहरण हो। यो केवल प्रतिवेदन तयार गर्ने प्रक्रिया मात्र होइन, बरु संस्था र सरोकारवालाबीचको संवाद (Dialogue) सशक्त बनाउने माध्यम हो। यस प्रक्रियाबाट संस्थाको कार्यदिशा, खर्चको पारदर्शिता, परिणामको औचित्य र सरोकारवालाको सहभागिता सुनिश्चित गरिन्छ। नेपालमा सामाजिक उत्तरदायित्व (Social Accountability) का अभ्यासहरू अझै प्रारम्भिक अवस्थामा रहेका बेला FWLD जस्तो संस्थाको यस्तो नियमित अभ्यास अन्य संस्थाहरूका लागि पनि अनुकरणीय उदाहरण बनेको छ।

सामाजिक परीक्षणलाई विश्वसनीय र नतिजामूलक बनाउन तथा यस क्रममा प्राप्त सूचनाहरूको संयोजन, छलफल र समीक्षा प्रक्रियामालाई सहज बनाउन संस्थाका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठज्यूको दूरदर्शी नेतृत्व, वित्तीय व्यवस्थापक सन्तोष पौडेल, अनुगमन तथा मूल्याङ्कन अधिकृत सन्तोष चौधरी, परियोजना संयोजक अधिवक्ता सागर पाठक, कार्यक्रम व्यवस्थापक अधिवक्ता रोजिना श्रेष्ठ लगायत सम्पूर्ण कर्मचारीको सक्रिय सहयोग सराहनीय छ ।

अन्त्यमा, सामाजिक परीक्षणबाट प्राप्त सुझाव र निष्कर्षहरू संस्थाको आगामी कार्ययोजना र रणनीतिक दस्तावेजहरूमा समायोजन गरी संस्थागत सुधार र जवाफदेहिताको अभ्यासलाई अझ सबल बनाउने अपेक्षा गर्दछु। नेपालको बदलिंदो सामाजिक र कानूनी सन्दर्भमा FWLD जस्ता संस्थाहरूले समानता, न्याय र उत्तरदायित्वका सिद्धान्तलाई व्यवहारमा उतार्दै लोकतान्त्रिक समाज निर्माणमा अग्रणी भूमिका निर्वाह गर्ने विश्वास लिएको छु । सामाजिक परीक्षणको यस नियमित परम्पराले संस्थाको आन्तरिक सुशासन मात्र होइन, नागरिकको विश्वास र सहकार्यलाई पनि सुदृढ बनाउने विश्वास व्यक्त गर्दछु ।

**निरेश चापागाईं**
सामाजिक परिक्षक तथा प्रतिवेदक

# विषयसुची

प्रतिवेदनको शारांश .......... १
१. महिला, कानून र विकास मञ्च (FWLD) को संक्षिप्त परिचय .......... ४
२. सामाजिक परीक्षणको परिचय .......... ४
३. सामाजिक परीक्षणका प्रश्नहरु .......... ५
४. सामाजिक परीक्षण प्रक्रिया र विधि (Methodology and Process) .......... ७
५. कानूनी दायित्वको अनुपालना (Compliance) .......... ९
६. उपलब्धिका सशक्त आयामहरु (Dimensions of Achievements) .......... १०
७. उपलब्धिहरु - कानूनी सुधारदेखि सामाजिक न्यायसम्मको यात्रा .......... ११
८. न्यायका रुपान्तरणका पाइला : कानूनी सुधारमा FWLD को उपलब्धि .......... १४
९. पहिचान, न्याय र आशाका किरणहरु: FWLD का कानूनी Intervention ले लेखेका परिवर्तनका कथा .......... १५
१०. FWLD को सशक्त प्रभावकारी नेटवर्किङ र समन्वयको भूमिका .......... १८
११. वित्तीय व्यवस्थापन र कार्यक्रम कार्यान्वयन .......... १९
१२. चुनौती व्यवस्थापनमा FWLD को संस्थागत लचीलोपन र आत्मनिर्भर अभ्यास .......... २०
१३. सामाजिक लेखापरीक्षणका सिफारिसहरुमा FWLD को कार्यान्वयन र संस्थागत उत्तरदायित्व .......... २१
१४. नेतृत्व र मानव स्रोत सुदृढीकरण: दक्षता, प्रेरणा र जिम्मेवारीको उत्कृष्ट अभ्यास .......... २२
१५. अन्य सरोकारवालाहरुबाट प्रतिकृया तथा सुझाव .......... २३
१६. मूख्य सिफारिसहरु (Recommendations) .......... २४
१७. विकास साझेदारहरु .......... २६

अनुसूची १ : सामाजिक परीक्षणमा उपस्थित सहभागीहरुको विवरण .......... २७
अनुसूची २ : सामाजिक परीक्षणका क्रममा लिइएका फोटोहरु .......... ३०
अनुसूची ३ : आर्थिक वर्ष ०८१/८२ को बजेट र खर्च विवरण .......... ३१

# प्रतिवेदनको शारांश

महिला, कानून र विकास मञ्च (FWLD) एक प्रतिष्ठित संस्था हो जसले नेपालमा न्याय, समानता र मानवअधिकारको प्रवर्द्धनमा लामो समयदेखि क्रियाशील भूमिका खेलेको छ । सन् १९९५ (वि.सं. २०५२) मा स्थापना भएको यो संस्था विशेष गरी महिलाहरू, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय र हिंसाबाट प्रभावित पीडितहरूको अधिकार संरक्षणमा केन्द्रित छ । FWLD को उद्देश्य लैङ्गिक समानता, कानूनी पहिचान, र सामाजिक न्यायको लागि सक्रिय भूमिका निर्वाह गर्नु हो, जसले नेपालको संवैधानिक र अन्तर्राष्ट्रिय मानव अधिकार मान्यतासँग मेल खाने कार्यहरूलाई अघि बढाउने काम गरिरहेको छ ।

सामाजिक परीक्षण (Social Audit) को उद्देश्य संस्थाको कामकाजमा सार्वजनिक जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्नु हो । यस प्रक्रियाले संस्थाका विभिन्न पक्षहरूबाट प्रत्यक्ष तथ्यांक, जानकारी र सुझावहरू सङ्कलन गरी तिनलाई समीक्षा र विश्लेषण गर्ने अवसर प्रदान गर्दछ । यसले FWLD लाई आफ्ना गतिविधिहरूको प्रभावकारिता, स्रोत परिचालनको पारदर्शिता र गुणस्तर सुनिश्चित गर्ने वातावरण सिर्जना गर्न सहयोग पुर्‍याएको छ । साथै सामाजिक परीक्षणबाट प्राप्त सुझावहरू संस्थाको नीति, कार्यक्रम र कार्ययोजना निर्माणमा समावेश गरी संस्थागत सुदृढीकरण र विकासमा मद्दत पुर्‍याउँछ ।

सामाजिक परीक्षण अन्तर्गत वित्तीय पक्षको विश्लेषण गर्दा आ.व. २०८१/८२ मा कुल बजेट ९१,८५०,००० नेपाली रुपैयाँ थियो, जसमा करिब ९८.४६% खर्च गरिएको छ। यसबाट संस्थाको वित्तीय स्रोतहरूको प्रभावकारी व्यवस्थापन र योजनाबद्ध खर्च भएको देखिन्छ । कानूनी पहिचान सम्बन्धी कार्यक्रमले आफ्नो बजेट १००% भन्दा बढी (१००.७८%) खर्च गरेर थप सेवा विस्तार गरेको तथ्यांकले FWLD को प्रतिबद्धता स्पष्ट गर्दछ । त्यस्तै, लैङ्गिक तथा यौन हिंसाविरुद्धको कार्यक्रमले पनि ९९.८४% बजेट खर्च गरी लक्ष्यअनुसार सेवा पुर्‍याएको देखिन्छ । अन्य कार्यक्रमहरूमा पनि खर्च बजेटअनुसार नै भएको र कतिपय स्थानमा बजेट बढी खर्च गरेर सेवाको पहुँच र गुणस्तर विस्तार भएको छ ।

FWLD को नेटवर्किङ र समन्वयलाई पनि सामाजिक परीक्षणले उच्च महत्व दिएको छ । राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरसम्म FWLD को व्यापक सञ्जाल रहेको छ, जसले संस्थाको प्रभावकारिता र पहुँचलाई बढाएको छ । विश्वसनीय दाताहरू जस्तै UNHCR, UNICEF, UN Women, अमेरिकी र अस्ट्रेलियन दूतावास, Amplify Change, Winrock International Nepal लगायतसँगको साझेदारीले FWLD लाई स्रोत र प्राविधिक सहयोगमा सशक्त बनाएको छ । साथै South Asian Task Force for Action on CEDAW, Statelessness and Dignified Citizenship Coalition – Asia Pacific, Global Campaign for Equal Nationality Rights जस्ता अन्तर्राष्ट्रिय नेटवर्कमा FWLD को सक्रिय सहभागिताले संस्था विश्व मानव अधिकार मञ्चमा प्रभावकारी रूपमा प्रस्तुत हुने अवसर दिएको छ ।

राष्ट्रिय सञ्जालहरूमा Human Right Treaty Monitoring Coordination Committee, Legal Aid Working Group, National Network for Safe Migration, Legal Empowerment Network र National Network for Beijing Review Nepal लगायत नेटवर्कसँगको सहकार्यले FWLD लाई नेपालभित्र कानूनी पहुँच विस्तार गर्ने र सामाजिक न्याय प्रवर्द्धन गर्नेमा विशेष बल दिएको छ । यस्ता नेटवर्कहरूको सचिवालय संचालन गर्दै FWLD ले प्रभावकारी समन्वय, सूचना व्यवस्थापन र अभियानहरूको रणनीतिक कार्यान्वयन सुनिश्चित गर्दै आएको छ ।

यस सशक्त नेटवर्किङले FWLD लाई सामाजिक, कानूनी र नीतिगत स्तरमा प्रभावकारी रूपमा काम गर्ने क्षमतामा वृद्धि गरेको छ । नेपालमा अझै पनि लैङ्गिक हिंसा, नागरिकता अधिकार, मानव अधिकार र सामाजिक समावेशीकरणमा

चुनौतीहरू रहँदा FWLD को यस नेटवर्कले सबै सरोकारवालाहरूसँग सहकार्य गरी प्रभावकारी समाधान निकाल्न महत्वपूर्ण भूमिका खेलेको छ । भविष्यमा पनि यस प्रकारको सशक्त साझेदारीले परियोजना कार्यान्वयनमा दक्षता, पारदर्शिता र दिगोपन सुनिश्चित गर्ने विश्वास रहेको छ ।

**प्रत्यक्ष सेवा र स्रोत परिचालनमा उपलब्धि:** सामाजिक परीक्षणका क्रममा प्रत्यक्ष सेवाको क्षेत्रमा FWLD ले उल्लेखनीय काम गरेको पाइयो । संस्थाले ३,९५४ कानूनी परामर्श र १६,७८३ नागरिकता सहजीकरणमार्फत प्रत्यक्ष सेवा पुर्‍याएको छ जसले कानूनी पहिचानसम्बन्धी चुनौती कति व्यापक छ भन्ने स्पष्ट देखाउँछ । कानूनी सहायता प्राप्त २६ मुद्दामध्ये २२ घरेलु हिंसासम्बन्धी हुनु संस्थाको सेवा महिलाको मुख्य हिंसाको स्वरूपलाई लक्षित रहेको पुष्टि गर्छ । साथै, सांसद, स्थानीय जनप्रतिनिधि, न्याय क्षेत्रका सरोकारवालाहरू र सञ्चारकर्मी गरी १,५०० भन्दा बढी व्यक्तिहरूको क्षमता अभिवृद्धि गरेर FWLD ले मानव संसाधन तयार पार्ने काम गरेको छ । यसले कानूनी र नीतिगत सुधारका लागि थप व्यापक आधार तयार गर्ने कार्यमा संस्थाको योगदान पुष्टि गर्दछ । जनचेतना र सञ्चारका क्षेत्रमा नाटक प्रदर्शन र मिडिया कभरले पनि FWLD को सन्देश व्यापक समुदायमा पुर्‍याउन महत्वपूर्ण भूमिका खेलेको छ । नागरिकता र लैङ्गिक हिंसाविरुद्धको जनचेतना नाटकमा हजारौं दर्शकको सहभागिता र सयौं मिडिया रिपोर्टहरूले सार्वजनिक बहस र ध्यानाकर्षणमा सहयोग पुर्‍याएको छ । स्थानीय तहमा सेवा विकेन्द्रीकरण मार्फत १५ स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि र ९८ स्थानीय तहमा हिंसाग्रस्त पीडितहरूको लागि सेवा सुदृढीकरणमा सक्रिय छलफल गरिनुले संघीयताको सिद्धान्त अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउन FWLD को सक्रियता देखाउँछ ।

**नीतिगत पैरवी र कानूनी सुधारमा सफलता:** FWLD को सबैभन्दा ठूला उपलब्धिमध्ये नेपालको नागरिकता ऐन (दोस्रो संशोधन) विधेयक पारित गराउन निरन्तरको सफल पैरवी उल्लेखनीय छ । यसले देशको कानूनी संरचनामा महिला अधिकार र समानताको पक्षमा महत्वपूर्ण सुधार ल्याएको छ । मानव बेचबिखन नियन्त्रण ऐनमा भएको संशोधन प्रतिनिधि सभामा दर्ता हुनु संस्थाको अन्तर्राष्ट्रिय मान्यतासँग मेल खाने कानूनी मापदण्डलाई नेपालमा लागू गराउन सफल पैरवीको उदाहरण हो । स्थानीय तहमा कैलाली र प्यूठान जस्ता जिल्लामा लैङ्गिक संवेदनशील कानून निर्माण र कार्यविधि लागू गराउन सहयोग गर्नु FWLD को स्थानीय स्तरमा प्रभावकारी सहभागिताको प्रमाण हो । न्यायिक प्रणालीमा पनि FWLD ले मधेश प्रदेशका न्यायाधिश र सरकारी वकिलहरूसँग लैङ्गिक हिंसाविरुद्ध पीडित केन्द्रित दृष्टिकोणबारे छलफल गरी संवेदनशीलता अभिवृद्धि गर्ने पहल गरेको छ । यसले न्यायिक प्रक्रियालाई थप समावेशी र न्यायसंगत बनाउन सहयोग पुर्‍याएको छ । यौन हिंसाका मुद्दामा हद म्याद बढेपछि त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै सरोकारवालासँग छलफल गरी कानूनी सुधार मात्र नभई त्यसको सही लागू गर्ने पक्षमा पनि FWLD सक्रिय रहेको देखिन्छ ।

**लैङ्गिक उत्तरदायी बजेट र GEDSI समावेशीकरण:** FWLD ले बजेटमा लैङ्गिक दृष्टिकोण राख्न राष्ट्रिय सभाको समिति र सुदूरपश्चिम प्रदेशसभामा महिला समन्वय समितिसँग सहकार्य गरी अर्थ मन्त्रालयलाई सुझाव प्रदान गरेको छ । यसले बजेट प्रक्रियामा लैङ्गिक समानता र समावेशीकरणको महत्वलाई प्रवर्द्धन गरेको छ। सुदूरपश्चिम प्रदेशसभामा महिला समन्वय समिति गठन गराएर प्रदेशसभाभित्र लैङ्गिक पैरवीका लागि संस्थागत संयन्त्र निर्माणमा सफलता प्राप्त गरेको छ । पत्रकारहरूसँग लैङ्गिक संवेदनशील संसदीय रिपोर्टिङ कार्यशाला र जन्मदर्तासम्बन्धी छलफलमा GEDSI (Gender Equality, Disability and Social Inclusion) को समावेशीकरणले संस्थाको समावेशी दृष्टिकोणलाई स्पष्ट गरेको छ। संघीय सरकारको नीति तथा कार्यक्रममा CEDAW, Beijing Declaration जस्ता महिला अधिकार सम्बन्धी दस्तावेजहरू कार्यान्वयन गर्ने प्रतिबद्धता उच्चस्तरीय पैरवीको सफलतामा जोड भएको छ ।

**अन्तर्राष्ट्रिय वकालत र वैश्विक प्रभाव:** FWLD ले CEDAW संयन्त्रको अधिकतम उपयोग गर्दै १०६+ गैरसरकारी संस्थासँग सहकार्यमा नेपालको सातौं आवधिक छायाँ प्रतिवेदन पेश गरेको छ । यसले राष्ट्रिय नागरिक समाजलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी रूपमा प्रस्तुत गर्ने उत्कृष्ट उदाहरण हो । नागरिकता सम्बन्धी धारा ७ र महिला विरुद्ध भेदभाव सम्बन्धी धारा ८ मा विषयगत प्रतिवेदन पेश गरी FWLD ले आफ्नो मुख्य मुद्दाहरूलाई अन्तर्राष्ट्रिय ध्यानाकर्षणमा ल्याउन सफल भएको छ । CEDAW समितिबाट प्राप्त निष्कर्ष र सुझावहरूमा FWLD का विषयवस्तुहरूले विशेष स्थान पाएको छ। संयुक्त राष्ट्र महिला आयोग (CSW) र Beijing±30 मा FWLD ले ७ प्रदेशका ५०० भन्दा बढी सरोकारवालाको

सुझाव संकलन गरी राष्ट्रिय प्रतिवेदनमा समावेश गराएको छ । १३ लाखभन्दा बढी मानिसहरूले भर्चुअल संवादमार्फत सहभागी भएर विश्वव्यापी पैरवीमा व्यापक प्रतिनिधित्व सुनिश्चित भएको छ । संसद सदस्यहरूसँग CEDAW, BPFA, SDGs, UNSCR १३२५/१८२० जस्ता अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूमाथि गरिएको छलफलले नेपालको कानून निर्माताहरूलाई विश्वव्यापी मानव अधिकार मापदण्डबारे संवेदनशील बनाउन निरन्तर योगदान पुर्‍याइरहेको छ ।

FWLD ले आ.व. २०८१/८२ मा सामाजिक परीक्षणले संस्थाको गतिविधि, बजेट व्यवस्थापन, सामाजिक पहुँच, नीति सुधार र अन्तर्राष्ट्रिय वकालत सबै क्षेत्रमा उच्च स्तरमा सफलता हासिल गरेको छ भन्ने देखाउँछ । प्रत्यक्ष सेवा, क्षमता अभिवृद्धि, नीति निर्माणमा प्रभावकारिता, कानूनी सुधारमा सफल पैरवी, र व्यापक नेटवर्किङले FWLD लाई नेपालमा लैङ्गिक समानता र मानव अधिकार प्रवर्द्धनमा अग्रणी संस्था बनाएको छ । सामाजिक परीक्षणले संस्थाको पारदर्शिता र जवाफदेहिता बढाउने महत्त्वपूर्ण औजार साबित भएको छ । भविष्यमा पनि यसले FWLD लाई अझ प्रभावकारी, दिगो र सहभागी संस्था बनाउने दिशामा योगदान दिई जनतासँग अझ नजिक बनाउने र नेपालको कानूनी तथा सामाजिक संरचनामा परिवर्तन ल्याउन थप बलियो आधार तयार गर्ने विश्वास गरिएको छ ।

# १. महिला, कानून र विकास मञ्च (FWLD) को संक्षिप्त परिचय

महिला, कानून र विकास मञ्च (FWLD) एक स्वायत्त, गैर-नाफामूलक तथा गैर-सरकारी संस्था हो जसको स्थापना २०५२ साल जेठ १५ गते (मे २९, १९९५) मा भएको हो । यस संस्थाको स्थापनाको मुख्य लक्ष्य मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सुनिश्चितताका लागि काम गर्नु रहेको छ । संस्थापक सदस्यहरूको सामूहिक प्रयासबाट सुरु भएको FWLD ले कानूनलाई एक सशक्त माध्यमको रूपमा प्रयोग गर्दै महिला, बालबालिका, अल्पसङ्ख्यक तथा अन्य सीमान्तकृत समूहहरूको हक अधिकार स्थापित गर्ने कार्यमा जोड दिन्छ । यसले नेपालमा विद्यमान भेदभावपूर्ण कानूनहरूको अन्त्य गर्न र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) लाई राष्ट्रिय स्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गराउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ । संस्थाको दूरदृष्टि सामाजिक अन्याय र भेदभाव पूर्ण रूपमा हटाई मानव अधिकारको पूर्ण प्रत्याभूति हुने समतामूलक वातावरण निर्माण गर्नु हो ।

आफ्नो स्थापनाकालदेखि नै FWLD ले कानून सुधार र न्यायिक कार्यान्वयनका लागि सार्वजनिक सरोकारको मुद्दा (Public Interest Litigation – PIL) लाई एक प्रमुख रणनीतिक औजारको रूपमा प्रयोग गर्दै आएको छ । यस माध्यमबाट, संस्थाले वैवाहिक बलात्कारलाई अपराधीकरण गराउने, लैङ्गिक हिंसाका घटनाहरूमा पीडित र साक्षीहरूको गोपनीयता सुनिश्चित गर्ने, साथै पैतृक सम्पत्तिमा छोरा र छोरीबीच समानता स्थापित गराउने जस्ता दूरगामी प्रभाव पार्ने कैयौं ऐतिहासिक कानूनी सुधारहरूमा सफलता हासिल गरेको छ । कानूनी पैरवीका साथै, FWLD ले बालविवाह, एच.आई.भी./एड्स, प्रजनन स्वास्थ्य तथा अधिकार, र मानव बेचबिखन जस्ता विषयहरूमा गहन अनुसन्धानहरू सञ्चालन गर्ने गर्दछ। यसका साथै, संस्थाले मानव बेचबिखन पीडित, बलात्कार पीडित र अन्य लैङ्गिक हिंसाका शिकार भएका व्यक्तिहरूलाई निरन्तर कानूनी सहायता तथा सेवाहरू प्रदान गर्दै आइरहेको छ । यसरी, FWLD ले कानूनी सचेतना, क्षमता विकास, र नीतिगत पैरवीका माध्यमबाट नेपालमा न्यायपूर्ण र समतामूलक समाज निर्माणका लागि अथक प्रयास गरिरहेको छ ।

# २. सामाजिक परीक्षणको परिचय

सामाजिक परीक्षण (Social Audit) भनेको कुनै संस्था, निकाय वा कार्यक्रमले सार्वजनिक हितका लागि गरेका कार्यहरूलाई समाजका सदस्यहरू स्वयंले अनुगमन (Monitoring), मूल्याङ्कन (Evaluation) र संवाद (Dialogue) गर्ने प्रक्रिया हो । यस्ता अभ्यासहरू परापूर्वकालदेखि नै समाजमा विभिन्न रूपमा प्रचलित रहेका छन्। तर, सन् १९५० को दशकपछि यसले नयाँ अवधारणाको रूपमा औपचारिक स्वरूप लिएको पाइन्छ । यसको उद्देश्य सार्वजनिक स्रोत र सेवाहरू पारदर्शी (Transparency), जवाफदेही (Accountability) र प्रभावकारी (Effectiveness) तरिकाले प्रयोग भएको छ वा छैन सुनिश्चित गर्नु हो ।

सन् १९७० को दशकतिर युरोपेली मुलुकहरूले उद्योग र व्यवसायबाट उपभोक्ताहरूमा पर्ने प्रभावको समीक्षा, छलफल र सुधारका लागि सामाजिक परीक्षणको अभ्यास सुरु गरिएको थियो । यसले संस्था, उपभोक्ता र समुदायबीच अन्तरक्रिया

(Interaction) र विश्वास (Trust) बढाउने माध्यमको रूपमा विकास पायो। त्यसयता, सामाजिक परीक्षण विश्वका धेरै देशहरूमा संस्थागत पारदर्शिता र जवाफदेहिताको सुनिश्चितताका लागि महत्वपूर्ण उपकरण (Tool) का रूपमा प्रयोग हुँदै आएको छ ।

नेपालमा पनि पछिल्ला दशकहरूमा सामाजिक परीक्षण सार्वजनिक जवाफदेहिताको एउटा सशक्त अभ्यासका रूपमा स्थापित हुँदै गएको छ । नेपाल सरकार, नागरिक समाज, र विभिन्न सरोकारवालाहरूले यसलाई शासन प्रणाली (Governance System) मा सुधार ल्याउने माध्यमको रूपमा अवलम्बन गरेका छन्। समाज कल्याण परिषद्ले सबै गैरसरकारी संस्थाहरूलाई नियमित सामाजिक परीक्षण गर्न प्रोत्साहित गर्दै सार्वजनिक जवाफदेहिताको संस्कृति (Culture of Accountability) विकास गर्न आग्रह गरेको छ । यसरी सामाजिक परीक्षण संस्थागत सुधार र पारदर्शिताको आधारस्तम्भ बन्न पुगेको छ ।

सामाजिक परीक्षणका मूल सिद्धान्तहरूमा बहुपरिप्रेक्ष्य (Multi-perspective), समग्रता (Comprehensiveness), नियमितता (Regularity), प्रमाणिकरण (Verification), तुलनात्मक विश्लेषण (Comparative Analysis), र संस्थागत पारदर्शिता तथा जवाफदेहिता (Institutional Transparency and Accountability) पर्दछन् । नेपालको संविधान र सूचनाको हक (Right to Information) सम्बन्धी कानुनहरूले नागरिकलाई सार्वजनिक सरोकारका विषयमा जानकारी माग्ने र पाउने अधिकार सुनिश्चित गरेका छन् । त्यसैगरी, सुशासन ऐन (Good Governance Act) ले कार्यालय प्रमुखहरूलाई आफ्ना कार्यहरू सार्वजनिक सुनुवाई (Public Hearing) र परीक्षणमार्फत पारदर्शी बनाउने दायित्व तोकेको छ ।

अन्ततः, सामाजिक परीक्षण एउटा चरणबद्ध, नियमित र सहभागी प्रक्रिया (Participatory Process) हो जसले नागरिक, लाभग्राही समुदाय र सरोकारवालाहरूलाई संस्थाको कार्यसम्पादनमा प्रत्यक्ष सहभागिता र अभिव्यक्ति (Expression) को अवसर दिन्छ । यसले संस्था र सरोकारवालाबीच संवाद र विश्वासको सम्बन्ध मजबुत बनाउँछ, नीति, संरचना, कार्यक्रम र व्यवस्थापन प्रणालीमा स्वमूल्याङ्कन (Self-Assessment) र सुधारका अवसरहरू सिर्जना गर्छ । यसरी सामाजिक परीक्षण कुनै संस्थाको कानूनी र नैतिक दायित्व मात्र नभई, प्रभावकारी सुशासन र स्थायित्वतर्फको यात्राको महत्वपूर्ण अभ्यास हो ।

# ३. सामाजिक परीक्षणका प्रश्नहरू

FWLD मा सम्पन्न गरिएको सामाजिक परीक्षण (Social Audit) का मुख्य मूल्याङ्कन प्रश्नहरूका आधारमा तयार गरिएको हो । सामाजिक परीक्षण केवल आन्तरिक मूल्याङ्कन (Internal Evaluation) नभई, संस्थाको कार्यसम्पादन, नीति, पारदर्शिता र जवाफदेहिताको सार्वजनिक समीक्षा गर्ने एक महत्वपूर्ण अभ्यास हो । यसले संस्थाले अपनाएको रणनीति, कानूनी अनुपालन, वित्तीय अनुशासन, र सामाजिक प्रभावहरू कति प्रभावकारी छन् भन्ने पत्ता लगाउँछ । सामाजिक परीक्षणको मूल लक्ष्य संस्थाको कार्य नेपालको संविधान, राष्ट्रिय कानूनी ढाँचा, नीतिगत प्रतिवद्धता र अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरूसँग सुसंगत छ कि छैन भन्ने सुनिश्चित गर्नु हो।

यस अध्ययनका लागि प्रयोग गरिएका प्रश्नहरू संस्थाको कार्य, रणनीति, स्रोत उपयोग, समन्वय र नीति अनुपालनका विभिन्न तहमा गहिरो विश्लेषण (Analytical Inquiry) गर्न केन्द्रित थिए । यी प्रश्नहरूले संस्थाले 'के गर्‍यो' भन्ने तथ्य मात्र होइन, 'किन गर्‍यो, कसरी गर्‍यो, र त्यसबाट के परिणाम वा सिकाइ प्राप्त भयो' भन्ने विश्लेषणात्मक दृष्टिकोणमा प्रकाश पार्छन् । सामाजिक परीक्षणको यो प्रक्रिया FWLD जस्ता मानव अधिकार संस्थाका लागि सुधार (Improvement), जवाफदेहिता (Accountability) र पारदर्शिता (Transparency) सुदृढ गर्ने महत्वपूर्ण अभ्यासका रूपमा स्थापित भएको छ ।

### तालिका: सामाजिक परीक्षणका मुख्य प्रश्नहरू

| क्र सं | मूल्याङ्कन प्रश्न (Evaluation Question) | अनुसन्धानको उद्देश्य (Objective of Investigation) |
|---|---|---|
| १ | के संस्थाको काम वा परियोजनाहरू नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता, संवैधानिक र कानूनी व्यवस्था तथा दिगो विकासका लक्ष्यहरू (SDGs) सँग मेल खाएका छन्? | संस्थाको नीति र गतिविधि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूसँग सुसंगत (Alignment) छन् कि छैनन् भन्ने मूल्याङ्कन गर्ने। |
| २ | के कार्यक्रम वा परियोजनाहरूका लक्ष्य, उद्देश्य र उपलब्धिहरू संस्थाको रणनीतिक योजना (Strategic Plan) सँग तालमेलमा छन्? | कार्यक्रम र संस्थाको दीर्घकालीन रणनीतिबीचको सम्बन्ध र योगदान पहिचान गर्ने। |
| ३ | के कार्यक्रमहरूको कार्यान्वयनले स्थानीय, प्रदेश र संघीय सरकारका समग्र लक्ष्यहरूमा योगदान पुऱ्याएको छ? | सरकारी नीतिसँगको सहकार्य र राष्ट्रिय विकासमा संस्थाको भूमिकाको मूल्याङ्कन गर्ने। |
| ४ | संस्थाको कार्यक्रम कार्यान्वयन प्रक्रिया र रणनीति (Strategy) कति प्रभावकारी छन्? के सरकार र अन्य निकायहरूसँग समन्वय (Coordination) पर्याप्त छ? | संस्थाको कार्यसम्पादन प्रणाली र बहु-पक्षीय सहकार्यको गुणस्तर मूल्याङ्कन गर्ने। |
| ५ | संस्थाको आर्थिक व्यवस्थापन (Financial Management), खर्च प्रणाली, लागत विश्लेषण र पारदर्शिता कस्तो छ? | आर्थिक उत्तरदायित्व (Financial Accountability) र स्रोत उपयोगको प्रभावकारिता (Efficiency) मूल्याङ्कन गर्ने। |
| ६ | संस्थाले पालना गर्नुपर्ने कानूनी प्रावधानहरू (Legal Provisions) को अनुपालन कस्तो छ? | कानूनी जवाफदेहिता (Legal Compliance) र संस्थाको उत्तरदायी आचरण सुनिश्चित गर्ने। |
| ७ | परियोजनाहरूको कार्यान्वयनमा आएका बाधा, सिकाइ, उपलब्धि र दिगोपनाका अभ्यासहरू के छन्? | संस्थागत सिकाइ (Institutional Learning), सुधारका अवसर र दिगोपनाका अभ्यासहरू पहिचान गर्ने। |

सामाजिक परीक्षणका प्रश्नहरूलाई तीन तहमा विश्लेषण गरिएको छ:




पहिलो, **रणनीतिक तह (Strategic Level)** - जहाँ संस्थाका कार्यक्रम र गतिविधिहरू नेपालको संविधान, दिगो विकास लक्ष्यहरू (SDGs) र अन्तर्राष्ट्रिय प्रतिवद्धतासँग मेल खान्छन् कि भन्ने मूल्याङ्कन गरियो। यस तहमा FWLD का नीति र उद्देश्यहरू राष्ट्रिय कानूनी सुधार र समानतामूलक समाज निर्माणमा कसरी योगदान पुऱ्याइरहेका छन् भन्ने मूल्याङ्कन गरियो ।

दोस्रो, **कार्यान्वयन तह (Operational Level)** - जहाँ कार्यक्रम र परियोजनाहरूको कार्यसम्पादन प्रक्रिया, प्रभावकारिता, सरकारी निकाय र सरोकारवालासँगको समन्वय (Coordination), र नतिजा (Outcomes) को प्रभाव विश्लेषण गरिएको छ । यस तहमा FWLD का कानूनी सहायता, नीति पैरवी, र सचेतना कार्यक्रमहरूले कसरी नागरिकहरूको न्यायमा पहुँच र अधिकार सुनिश्चित गर्न सहयोग पुऱ्याएका छन् भन्ने अध्ययन गरियो ।

तेस्रो, **संस्थागत तह (Institutional Level)** - जहाँ FWLD को आर्थिक व्यवस्थापन, कानूनी अनुपालन (Legal Compliance), पारदर्शिता, र दिगोपनाका अभ्यासहरू (Sustainability Practices) को समीक्षा गरियो । यस मूल्याङ्कनले संस्थाले नियामक निकायहरू, सरकार, र सेवाग्राहीहरूसँगको जवाफदेहिता (Accountability) र विश्वास (Trust) कायम गर्न निरन्तर प्रयास गरिरहेको देखायो ।

सामाजिक परीक्षणमा प्रयोग गरिएका यी प्रश्नहरूले FWLD को कार्यप्रणालीलाई सुशासन (Good Governance) का मान्यताहरूमा आधारित बनाएको स्पष्ट प्रमाण प्रदान गर्छन् । यस प्रक्रियाले संस्था मात्र होइन, नीति निर्माता, साझेदार संस्था र समुदायका सरोकारवालालाई पनि सुधार र सहकार्यका लागि मार्गदर्शन गर्ने अवसर प्रदान गरेको छ । परिणामस्वरूप, FWLD ले आफ्नो कार्यमा पारदर्शिता, जवाफदेहिता र मानव अधिकारका सिद्धान्तहरूलाई व्यवहारमा उतार्न सफल भएको देखिन्छ।

## ४. सामाजिक परीक्षण प्रक्रिया र विधि (Methodology and Process)



सामाजिक परीक्षण प्रक्रिया पूर्ण रूपमा योजनाबद्ध, चरणबद्ध र सहभागीमुखी रूपमा सञ्चालन गरिएको थियो । प्रत्येक चरणमा सहभागीहरूबाट प्राप्त सुझाव र अनुभवलाई समेट्दै प्रारम्भिक प्रतिवेदन तयार गरियो र त्यसमा आधारित अन्तिम प्रतिवेदन लेखिएको छ । यस क्रममा संस्थाको नीतिगत दायित्व, कार्यप्रणाली र व्यवस्थापन पद्धतिहरूको गहिरो विश्लेषण गरी सुधारका सिफारिसहरू प्रस्तुत गरिएका छन् । सामाजिक परीक्षणले FWLD को जवाफदेहिता, पारदर्शिता र प्रमाणिकता सुनिश्चित गर्न विशेष भूमिका खेलेको छ र यसले संस्थालाई निरन्तर सुधार र समृद्धिको मार्गमा अग्रसर बनाएको छ ।

**चरण १: संस्थाको कार्यसमिति, कर्मचारी तथा सरोकारवालाहरूसँग छलफल (Discussion with Executive Committee, Staff and Stakeholders):** सामाजिक परीक्षणको पहिलो चरणमा संस्थाको कार्यसमिति (Executive Committee), स्थायी कर्मचारी, परियोजना टिम, र प्रमुख सरोकारवालाहरूसँग (Stakeholders) विस्तृत छलफल (Consultation) गरिएको थियो । यस चरणमा संस्थाको दृष्टिकोण, उद्देश्य, रणनीति, र हालसम्मको उपलब्धि तथा चुनौतीहरू पहिचान गर्न केन्द्रित गर्दै छलफलले संस्थाभित्रको नीति-निर्णय प्रक्रिया, कार्यगत जिम्मेवारी, र समन्वयको अवस्था बुझ्न सहयोग पुऱ्याएको थियो । सहभागीहरूले आफ्ना अनुभव, सुझाव र सिकाइहरू खुला रूपमा राख्नु भएको थियो, जसले सामाजिक परीक्षणको आधारभूत दिशानिर्देशन तय गर्न मद्दत गरेको थियो ।

**चरण २: सन्दर्भ सामग्री अध्ययन, सूक्ष्म विश्लेषण तथा समीक्षा (Review and Analysis of Reference Materials):** दोस्रो चरणमा संस्थासँग सम्बन्धित नीतिगत, कार्यक्रमगत र प्रशासनिक दस्तावेजहरू (Documents) अध्ययन गरिएको थियो । यसमा वार्षिक प्रतिवेदन (Annual Reports), परियोजना प्रस्ताव (Project Proposals), आर्थिक विवरण (Financial Statements), बैठकका कार्यवृत्त (Meeting Minutes), र सम्बन्धित नीतिहरूको विश्लेषण समावेश थियो । यी सन्दर्भ सामग्रीहरूको सूक्ष्म विश्लेषण गरी संस्थाको कार्यसम्पादन र नीति-व्यवहारबीचको सम्बन्ध मूल्याङ्कन गरिएको थियो। यस प्रक्रियाले तथ्यमा आधारित प्रमाण (Evidence–based Validation) उपलब्ध गराउँदै सामाजिक परीक्षणलाई प्राविधिक र विश्लेषणात्मक आधार प्रदान गरेको थियो ।

**चरण ३: प्रारम्भिक प्रतिवेदन, प्रस्तुति तथा प्रतिवेदनमाथि छलफल (Preparation and Discussion on Draft Report and Presentation):** तेस्रो चरणमा सामाजिक परीक्षणका प्रारम्भिक निष्कर्षहरूलाई समेट्दै प्रारम्भिक प्रतिवेदन (Draft Report) तयार गरिएको थियो । सो प्रतिवेदनमा प्रमुख निश्कर्ष, उपलब्धि, चुनौती, र सुधारका क्षेत्रहरू उल्लेख गरिएको थियो । प्रतिवेदनको प्रस्तुति संस्थाका सरोकारवालाहरू, कर्मचारी, र समितिका सदस्यहरूबीच गरिएको थियो, जहाँ सहभागीहरूले प्रत्यक्षरूपमा टिप्पणी, सुझाव र प्रतिक्रिया (Feedback) प्रदान गर्नु भएको थियो । यस चरणले प्रतिवेदनलाई अझ सशक्त र प्रतिनिधिमूलक बनाउने अवसर प्रदान गरेको छ ।

**चरण ४: सुझाव संकलन (Collection of Feedback and Suggestions):** यो चरणमा प्रारम्भिक प्रतिवेदनमा प्राप्त भएका मौखिक तथा लिखित सुझावहरू व्यवस्थित रूपमा संकलन (Compilation)गरिएको थियो । सुझावहरूका स्रोतहरूमा संस्थाका कर्मचारी, सेवा लाभग्राही, साझेदार संस्था, र अन्य सरोकारवाला समूहहरू थिए र प्राप्त सुझावहरूको विश्लेषण गरी सुधारका आवश्यक पक्षहरू पहिचान गरियो, जसले सामाजिक परीक्षणको अन्तिम प्रतिवेदनलाई समावेशी (Inclusive) र व्यावहारिक (Practical) बनाउन मद्दत पुऱ्याएको छ ।

**चरण ५: अन्तिम प्रतिवेदन लेखन तथा पेश (Final Report Preparation and Submission):** अन्तिम चरणमा संकलित सुझावहरू र छलफलका परिणामहरूका आधारमा सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन (Final Report) तयार गरिएको छ । यस प्रतिवेदनमा संस्थाको उपलब्धि, चुनौती, सिकाइ, सुधारका सिफारिसहरू (Recommendations) र भविष्यका प्राथमिकता क्षेत्रहरू समेटिएका छन् । प्रतिवेदन तयार पार्ने क्रममा तथ्यपरकता, निष्पक्षता र सन्तुलन (Balance) कायम राख्दै, प्रतिवेदन सम्बन्धित संस्था (FWLD) लाई बुझाइएको थियो ।

यसरी सामाजिक परीक्षणको सम्पूर्ण प्रक्रिया संस्थाको पारदर्शिता र जवाफदेहिता सुदृढ पार्ने उद्देश्यले सञ्चालन गरिएको हो । प्रत्येक चरणले तथ्यमा आधारित विश्लेषण, सहभागी दृष्टिकोण र सामूहिक प्रतिबद्धता (Collective Commitment) लाई संयोजन गरेर संस्थाको कार्यसम्पादनमा निरन्तर सुधार (Continuous Improvement) ल्याउने मार्ग तयार गरेको छ। *(सामाजिक परिक्षणमा सहभागीहरूको विवरण अनुसूची १ मा हेर्नुहोस्)*

# ५. कानूनी दायित्वको अनुपालना (Compliance)

सामाजिक परीक्षणका क्रममा FWLD ले कानूनी दायित्व र नियामक आवश्यकताहरूको पालना अत्यन्त उत्कृष्ट रूपमा गरेको पाइयो। संस्थाले आफ्नो सम्पूर्ण कानूनी, कर, प्रशासनिक र नीतिगत दायित्वहरु नियमित रूपमा पूरा गर्दै पारदर्शी, उत्तरदायी र व्यवस्थित संस्थागत संस्कृतिको उदाहरण प्रस्तुत गरेको छ । यो अभ्यासले FWLD को सुशासन (Good Governance), उत्तरदायित्व (Accountability) र कानूनी प्रतिबद्धता (Legal Commitment) प्रति गहिरो आस्था र संस्थागत अनुशासनलाई स्पष्ट रूपमा झल्काउँछ ।

सामाजिक परीक्षणको नतिजा अनुसार FWLD ले कानूनी अनुपालनलाई केवल 'दायित्व' (Obligation) का रूपमा नभई 'संस्थागत मूल्य' (Institutional Value) का रूपमा आत्मसात् गरेको छ। संस्थाले आफ्नो सबै प्रशासनिक र कानूनी प्रक्रियाहरु नियमित रूपमा अद्यावधिक गरी राज्यका सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै आएको छ, जसले संस्थाको विश्वसनीयता र पारदर्शिता थप मजबुत बनाएको छ ।

१. **दर्ता तथा नवीकरण (Registration and Renewal):** FWLD जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत् रूपमा दर्ता भएको र हरेक वर्ष नियमित रूपमा नवीकरण (Renewal) गरिँदै आएको छ । समाज कल्याण परिषद् (Social Welfare Council) मा अद्यावधिक नवीकरण गरेर परियोजनाहरूको स्वीकृति प्राप्त गरेको छ । यसै गरी, सबै परियोजनाहरूको पूर्व स्वीकृति सम्बन्धित स्थानीय तह (Local Government) बाट लिएर सञ्चालन गरिँदै आएको छ। उल्लेखनीय रूपमा, संस्थाले वार्षिक सामाजिक परीक्षण (Annual Social Audit) पनि गर्ने र सो प्रतिवेदन वेबसाइटमा अपलोड गर्ने राम्रो अभ्यास स्थापित गरेको छ - जसले पारदर्शिता र सार्वजनिक जवाफदेहितालाई सुदृढ बनाएको छ ।

२. **कर अनुपालना (Tax Compliance):** संस्था स्थायी लेखा नम्बर (Permanent Account Number, PAN) मा सूचीकृत छ र हरेक आर्थिक वर्षमा कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) प्राप्त गर्ने गरेको छ । गैर-मुनाफा संस्था (Non–profit Organization) को रूपमा कर छुट प्रमाणपत्र (Tax Exemption Certificate) पनि लिई वार्षिक रूपमा नवीकरण गर्दै आएको छ । यसले संस्थाको वित्तीय अनुशासन (Financial Discipline) र उत्तरदायित्व (Accountability) प्रष्ट रूपमा देखाउँछ ।

३. **श्रम ऐन, २०७४ अनुसार (Labour Act, २०७४):** FWLD ले श्रम ऐनअनुसार आफ्नो कर्मचारी विनियमावली (Staff Regulation) अद्यावधिक गरी श्रम कार्यालयमा दर्ता गरेको छ । साथै, वार्षिक श्रम अडिट प्रतिवेदन (Labour Audit Report) नियमित रूपमा श्रम कार्यालयमा बुझाउने गरेको छ । कर्मचारीहरूको तलब, उपदान र निवृत्तिभरण (Retirement Benefits) समयमै बैङ्क तथा नागरिक लगानी कोषमा जम्मा गर्ने प्रणालीले संस्थाको जिम्मेवार र पारदर्शी व्यवस्थापनलाई प्रमाणित गर्छ ।

४. **नीति तथा नियमावली (Policies and Regulations):** संस्थाले आन्तरिक सुशासन प्रणाली (Internal Governance System) सुदृढ बनाउन विस्तृत नीति तथा नियमावलीहरु तयार गरी कार्यान्वयन गरेको छ । यसमा वित्तीय नियमावली, कर्मचारी नियमावली, विभेद विरुद्धको नीति (Anti–discrimination Policy), लैङ्गिक समानता नीति (Gender Equality Policy), तथ्याङ्क संरक्षण नीति (Data Protection Policy), बाल संरक्षण नीति (Child Protection Policy), अनुगमन-मूल्याङ्कन र सिकाइ नीति (Monitoring, Evaluation & Learning Policy) लगायतका नीतिहरु समावेश छन् । यी नीतिहरु लागू हुनु संस्थाको उत्तरदायित्व र सुशासनप्रतिको प्रतिबद्धताको उदाहरण हो ।

५. **वेबसाइट र सामाजिक सञ्जाल (Website and Social Media):** FWLD को वेबसाइट www.fwld.org र विभिन्न सामाजिक सञ्जाल प्लेटफर्महरुमा (Social Media Platforms) नियमित सूचना अद्यावधिक गरिँदै आएको छ । साथै, "मेरो अधिकार (Mero Adhikar)" मोबाइल एपको विकास र प्रयोगले सेवा लाभग्राहीहरुमा पहुँच (Access) र सूचना पारदर्शिता (Information Transparency) वृद्धि गरेको छ ।

६. **अन्तर्राष्ट्रिय मान्यता (International Affiliation):** FWLD संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक तथा साँस्कृतिक परिषद् (ECOSOC, UN) मा आबद्ध (Affiliated) संस्था हो । यस्तो अन्तर्राष्ट्रिय मान्यता संस्थाको विश्वसनीयता (Credibility), प्रभाव (Influence) र नीतिगत योगदान (Policy Advocacy Role) का दृष्टिले अत्यन्त सकारात्मक उपलब्धि हो ।

यी सबै अभ्यासहरूले FWLD लाई सुशासन (Good Governance), जवाफदेहिता (Accountability) र कानूनी विश्वसनीयताको उत्कृष्ट उदाहरणका रूपमा प्रस्तुत गर्छन् । संस्थाले प्रत्येक अनुपालनलाई केवल कानूनी दायित्वका रूपमा होइन, संस्थागत मूल्य (Institutional Value) का रूपमा आत्मसात् गरेको देखिन्छ।

# ६. उपलब्धिका सशक्त आयामहरू (Dimensions of Achievements)

आर्थिक वर्ष २०८१/८२ FWLD का लागि कानूनी पहुँच, नीति पैरवी र मानव अधिकारका क्षेत्रमा गहन प्रभाव पार्ने वर्ष रह्यो । संस्थाले आफ्नो मूल्य र ध्येय - 'न्याय र समानतामा आधारित समाज निर्माण' - लाई व्यवहारमा उतार्दै उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ।

१. **कानूनी परामर्श सेवामा पहुँच (३,९५४ beneficiaries):** FWLD ले ३,९५४ जनालाई कानूनी परामर्श सेवा प्रदान गऱ्यो, जसमा अधिकांश महिला, दलित, अपाङ्गता भएका व्यक्ति, र ग्रामीण समुदायका थिए। यो पहलले कानूनी चेतना र अधिकारमा पहुँच विस्तार गरेर कानूनी सशक्तीकरण (Legal Empowerment) को व्यावहारिक उदाहरण प्रस्तुत गरेको छ ।

२. **सांसदहरूलाई अभिमुखीकरण (Federal: २९६, Provincial: २१०):** संस्थाले संघीय र प्रदेश तहका ५०६ जना सांसदहरूलाई नीति निर्माण र लैङ्गिक समानताको दृष्टिकोणमा अभिमुखीकरण गऱ्यो। यसले नीति तहमा अधिकारमुखी सोच र समानतामूलक विधेयक विकास का प्रयासहरूलाई बलियो बनाएको छ ।

३. **नागरिकता प्राप्तिमा सहजीकरण (१६,७८३ beneficiaries):** FWLD ले १६,७८३ जनालाई नागरिकता प्राप्तिमा सहयोग गरेर नागरिकताको अधिकारमा प्रत्यक्ष योगदान पुऱ्यायो छ । यो प्रयासले महिलामाथिको कानूनी विभेद र प्रशासनिक जटिलताहरू घटाउँदै अधिकारको पहुँच (Right to Identity) सुनिश्चित गर्न सहयोग पुऱ्याएको छ ।

४. **जनप्रतिनिधि र कर्मचारी क्षमतावृद्धि (५९० trained):** संस्थाले ५९० जना जनप्रतिनिधि र कर्मचारीहरूलाई कानूनी साक्षरता, लैङ्गिक उत्तरदायित्व र मानव अधिकारका विषयमा प्रशिक्षण प्रदान गरेको छ । यसले नीति कार्यान्वयन तहमा उत्तरदायी शासन (Accountable Governance) र लैङ्गिक दृष्टिकोण सुदृढ गरेको छ।

५. **सञ्चारकर्मी र मिडिया संलग्नता (५७० coverage, २९५ oriented):** FWLD ले ५७० मिडिया कभरेज र २९५ सञ्चारकर्मीहरूलाई अभिमुखीकरण प्रदान गर्दै लैङ्गिक न्याय, कानूनी अधिकार र सामाजिक मुद्दाहरूमा जनचेतना फैलाएको छ । यसले सार्वजनिक बहसमा महिला र सीमान्तकृत आवाजहरूलाई केन्द्रमा ल्याउने वातावरण तयार गरेको छ।

६. **न्याय क्षेत्रका सरोकारवालाको क्षमता अभिवृद्धि (८८ trained):** संस्थाले ८८ जना न्यायिक सरोकारवालाहरूलाई लैङ्गिक न्याय, वैवाहिक हिंसा र मानव अधिकारका विषयमा क्षमता विकास प्रशिक्षण दिएको छ । यसले न्याय प्रणालीलाई अधिक संवेदनशील र पहुँचमैत्री (Access to Justice) बनाउने दिशामा योगदान पुऱ्याएको छ ।

७. **लैङ्गिक हिंसा सम्बन्धी कानूनी सहायता (२६ cases):** FWLD ले २६ वटा लैङ्गिक हिंसासम्बन्धी मुद्दाहरूमा कानूनी सहायता प्रदान गरेको छ - जसमा घरेलु हिंसा, यौन दुर्व्यवहार, वैवाहिक बलात्कार र आर्थिक हिंसा समावेश थिए। यो संस्थाको हिंसामुक्त समाज निर्माणप्रतिको व्यवहारिक प्रतिबद्धताको स्पष्ट प्रमाण हो ।

यी उपलब्धिहरु FWLD को ‘कानूनमार्फत समानता र न्याय सुनिश्चित गर्ने’ दृष्टिकोणसँग प्रत्यक्ष रूपमा जोडिएका छन् । संस्थाको प्रयासले केवल व्यक्तिगत स्तरमा न्यायमा पहुँच बढाएको छैन, संस्थागत र नीतिगत तहमा पनि दीगो परिवर्तन (Sustainable Change) को आधार तयार गरेको छ ।

## ७. उपलब्धिहरु – कानूनी सुधारदेखि सामाजिक न्यायसम्मको यात्रा

FWLD ले आफ्नो स्थापनादेखि नै कानूनी सुधार, लैङ्गिक समानता, र न्यायमा पहुँच विस्तारलाई आफ्नो प्रमुख ध्येय बनाएको छ। संस्था केवल कानूनी वकालतमा सीमित नभई समाजका हरेक तहमा लैङ्गिक दृष्टिकोणसहितको सामाजिक रुपान्तरणमा केन्द्रित रहँदै आएको छ । नेपालजस्तो बहुविविधतायुक्त र असमानतायुक्त समाजमा, FWLD का प्रयासहरुले अधिकार र समानताको कुरा व्यवहारमा उतार्ने कार्य गर्दै आएका छन् ।

यो अध्यायमा सामाजिक परीक्षणका क्रममा पहिचान गरिएका FWLD का प्रमुख उपलब्धिहरु समावेश गरिएको छ । यी उपलब्धिहरु संस्थाको दीगो योगदान, रणनीतिक सोच, र नीति-स्तरदेखि समुदाय तहसम्मको प्रभावलाई प्रतिबिम्बित गर्छन् । FWLD का गतिविधिहरुले नेपालको कानूनी सुधारमा नयाँ दृष्टिकोण ल्याएको छ - जसले ‘न्याय सबैका लागि’ भन्ने मूल सन्देशलाई व्यवहारमा परिणत गरेको छ ।

१. **नयाँ पुस्तालाई कानूनी नेतृत्वतर्फ सशक्तिकरण - “ज्ञानबाट न्यायतर्फ यात्राको सुरुवात”:** नेपालमा कानूनी शिक्षाको संरचना अझै पनि पुस्तक र परीक्षामुखी रहँदै आएको छ । यस्तो अवस्थामा FWLD ले National Winter Law School (डिसेम्बर २०२४) र National Summer Law School (जुन २०२५) जस्ता कार्यक्रममार्फत देशभरका युवा विद्यार्थीहरुलाई व्यवहारिक कानूनी अभ्यासमा जोड्दै आएको छ । यसले केवल ज्ञान प्रदान गरेको मात्र होइन, न्यायप्रति थप उत्तरदायी कानूनी नेतृत्व (responsible legal leadership) निर्माण गर्ने आधार तयार गरेको छ । FWLD को ‘कानूनी चेतना र नेतृत्व सशक्तिकरण’ भन्ने मूल्य यसैमा झल्किन्छ । सहभागीहरुको सफलताको कथाहरुले देखाउँछ कि यो कार्यक्रमले युवा पुस्तालाई सार्वजनिक हितमा काम गर्न प्रोत्साहित गरेको छ जसले नेपालमा दीगो कानूनी सुधारका लागि यही नयाँ पुस्ता मेरुदण्ड बन्ने संकेत दिइरहेको छ ।

२. **रणनीतिक मुद्दामार्फत कानूनी सुधारको अभियान - “अदालतबाट समाजपरिवर्तनतर्फ”:** FWLD को मुख्य रणनीति भनेको अदालतलाई सामाजिक परिवर्तनको माध्यम बनाउनु हो । नागरिकता ऐनका विभेदपूर्ण प्रावधानविरुद्ध २०२४ मा गरिएको Public Interest Litigation (PIL) ले कानूनी समानताको एजेन्डालाई फेरि राष्ट्रिय विमर्शमा ल्याएको थियो । नेपालमा महिलालाई अझै पनि कानूनी रूपमा समान अधिकार नदिने अवस्था रहँदै आएको छ । त्यसैले FWLD का यस्ता रणनीतिक मुद्दाहरुले नीति निर्मातालाई दवाब सिर्जना गरेर संविधानको समानता सिद्धान्त व्यवहारमा ल्याउन मद्दत गरेका छन् । यसरी, FWLD ले ‘न्यायमा समान पहुँच र कानूनमा भेदभावको अन्त्य’ भन्ने आफ्नो दृष्टिलाई ठोस कार्यमा रुपान्तरण गरेको छ ।

३. **संघीयताको कार्यान्वयनलाई स्थानीय तहमा सबल बनाउँदै - “अधिकार स्थानीय स्तरसम्म”:** संविधानले संघीय शासनको ढाँचा ल्याए पनि यसको कार्यान्वयन अझै असमान छ। FWLD ले स्थानीय तहका जनप्रतिनिधिहरुलाई CEDAW र लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी तालिमद्वारा स्थानीय नीतिमा अन्तर्राष्ट्रिय दायित्व लागू गर्ने अभ्यास सुरु गरेको छ । यसले स्थानीय सरकारहरुलाई महिलाको हक र समावेशी नीति बनाउन सक्षम बनाएको छ । यस्तो पहलले FWLD को ‘अधिकारको स्थानीयकरण (localization of rights)’ दृष्टिलाई व्यवहारमा उतारेको छ । नेपालका गाउँ-नगर तहमा नीति निर्माण अझै पुरुषमुखी र संसाधन-केन्द्रित हुने प्रवृत्ति रहेकाले यस्तो कार्यक्रमले लैङ्गिक सन्तुलनका लागि ठोस दिशा दिएको छ ।

४. **अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वलाई राष्ट्रिय कार्ययोजनामा रूपान्तरण - “विश्वका वचनहरु, नेपालका कार्यहरु”:** FWLD ले नेपालका अन्तर्राष्ट्रिय प्रतिवद्धता (जस्तै CEDAW, UPR) लाई केवल दस्तावेजमा सीमित मात्र नभई त्यसलाई कार्यनीतिमा बदल्ने प्रयास गर्दै आएको छ। २०२४ को CEDAW Shadow Report National

Consultation र २०२५ को UPR Recommendation Implementation Workshop यसकै उदाहरण हुन् । यसले विभिन्न सरोकारवाला निकायहरूलाई एउटै मञ्चमा ल्याएर नीति र कार्यान्वयनबीचको दूरी घटाएको छ । नेपालजस्ता विकासशील देशमा यस्तो नागरिक समाजको संयोजन प्रयासले अन्तर्राष्ट्रिय उत्तरदायित्वलाई स्थानीय स्तरसम्म पुऱ्याउने बाटो खोलेको छ । FWLD को 'राज्य जवाफदेहिता' प्रति समर्पण यसैमा प्रतिविम्बित हुन्छ ।

५. **लैङ्गिक विविधता र LGBTQIA+ समुदायको अधिकारका लागि अग्रणी आवाज - "विविधतामा समानता":** FWLD ले कानूनी वकालत, राज्य अधिकारी अभिमुखीकरण र सार्वजनिक अभियानमार्फत LGBTQIA+ समुदायका अधिकारलाई संस्थागत गर्न वढावा दिएको छ। Pride Month (जुन २०२५) र Sensitization Workshop (अगस्ट २०२४) ले प्रहरी र सरकारी वकिलहरूमा दृष्टिकोण परिवर्तन ल्याएको छ । नेपालमा कानूनी रूपमा त अधिकार सुनिश्चित भए पनि व्यवहारमा भेदभाव, सामाजिक बहिष्कार र न्यायमा पहुँचको समस्या अझै रहँदै आएको पाइएको छ जसमा FWLD को यस अभियानले राज्यका निकायहरूलाई उत्तरदायी बनाउँदै, समावेशी न्याय प्रणालीको मार्ग प्रशस्त गरेको छ ।

६. **वैदेशिक रोजगारीमा महिला श्रमिकको सुरक्षा - "देश बाहिरका महिलाका अधिकार सुरक्षित":** महिला प्रवासीहरूलाई नेपालमा जानकारीको कमी, ठगी र शोषणको उच्च जोखिम रहेको छ । FWLD ले, Rights Handbook for Women MigrantsÆ (डिसेम्बर २०२४) प्रकाशन गरेर महिलाहरूलाई कानूनी अधिकार बुझ्ने सजिलो माध्यम दिएको छ । साथै, वैदेशिक रोजगार विभागस�ग गरिएको नीति संवादले व्यवहारिक सुधारको बाटो खोल्दै यो कार्यले FWLD को कानूनी शिक्षा र सशक्तिकरणू मूल्यलाई व्यवहारमा उतारेको छ । नेपालमा हरेक वर्ष लाखौं महिला रोजगारीका लागि विदेश जाने सन्दर्भमा यस्तो पहलले मानव अधिकारलाई सीमापार सुरक्षा दिने कार्य गरेको छ ।

७. **न्याय क्षेत्रका सरोकारवालाबीच सहकार्य - "संयुक्त कदम, प्रभावकारी न्याय":** FWLD ले National Symposium on GBV Survivor Support (नोभेम्बर २०२४) र Inter–Party Dialogue on Constitutional Implementation (जनवरी २०२५) मार्फत अदालत, प्रहरी, अभियोजन निकाय र राजनीतिज्ञहरूलाई एउटै मञ्चमा ल्यायोएको थियो । नेपालको न्याय प्रणालीमा समन्वयको कमीले पीडितले समयमै न्याय पाउन नसक्ने अवस्था छ । यस्तो बहु-पक्षीय संवादले संस्थागत समन्वय र साझा दायित्वबोध (Shared accountability) लाई सबल बनाएको छ जुन FWLD को 'न्यायमा पहुँच' दृष्टिकोणलाई मूर्त रूप दिने प्रयास हो ।

८. **सर्वसाधारणका लागि कानूनी सचेतना - "कानून बुझ्ने नागरिक, बलियो लोकतन्त्र":** FWLD ले #KnowYourRights अभियान र रेडियो कार्यक्रम (मार्च २०२५) मार्फत जटिल कानूनी विषयलाई सरल भाषामा बुझाउने प्रयास गरेको छ। नेपालमा कानूनी अधिकारबारे जानकारीको कमीले धेरै नागरिक पीडित हुँदा पनि मौन रहने अवस्थामा FWLD को प्रयासले कानूनलाई पुस्तकमात्र नभई नागरिक सशक्तिकरणको हतियार बनाएको छ। यसले संस्थाको 'समान न्याय र चेतनशील समाज' दृष्टिलाई बलियो बनाएको छ ।

९. **कानूनी सहायता र मनो-सामाजिक सहयोग - "न्यायसँगै उपचार पनि":** FWLD को Free Legal Aid Clinic ले कानूनी सहायता मात्रै होइन, मनो-सामाजिक परामर्श पनि उपलब्ध गराइरहेको छ । नेपालमा लैङ्गिक हिंसा पीडितहरूलाई कानूनी प्रक्रिया लामो, डरिलो र सामाजिक दबाबयुक्त हुन्छ । FWLD ले 16 Days of Activism अभियानमार्फत पीडितहरूलाई उनीहरूको आवाज सशक्त बनाउने आधार दिएको छ । यसले संस्थाको 'मानव गरिमा र अधिकारको सम्मान' भन्ने मूल्यलाई व्यवहारमा देखाएको छ।

१०. **सम्पत्ति र आर्थिक अधिकारमा महिलाको सशक्तिकरण - "आर्थिक स्वतन्त्रता, समान समाज":** FWLD ले दाङ (२०२४) र इलाम (२०२५) मा महिलालाई सम्पत्ति अधिकारबारे सचेतना दिँदै सरकारी बजेटमा लैङ्गिक विश्लेषण रिपोर्ट प्रकाशन गरेको छ। नेपालमा महिलाले सम्पत्ति दाबी गर्दा सामाजिक दबाब, परिवारिक अवरोध र कानूनी जटिलता भोग्नुपर्छ। FWLD ले कानूनी ज्ञानका साथ आत्मविश्वास पनि दिएको छ - जो FWLD को दृष्टिकोण 'समान अवसर र स्वावलम्बन' सँग मेल खान्छ।

**११. निरन्तर व्यावसायिक विकासमा लगानी - "कुशल कानूनी टोली, प्रभावकारी पैरवी":** FWLD ले आफ्नो कानूनी टोली र सहकर्मीहरूलाई निरन्तर सिकाइ (continuous learning) को संस्कृतिमा राखेको छ। Strategic Litigation Training (जुन २०२४) र Gender Equality Verdicts Seminar (अक्टोबर २०२४) मार्फत वकिलहरूलाई अद्यावधिक कानूनी ज्ञान प्रदान गरिएको छ । नेपालमा कानूनी अभ्यासमा लैङ्गिक दृष्टिकोण अभाव एक प्रमुख चुनौती हो । FWLD को यस प्रयासले आफ्ना वकिलहरू सशक्त बनाएको मात्र छैन, बरु राष्ट्रिय कानूनी समुदायमा मानव अधिकारमूलक व्यावसायिकता (rights-based professionalism) फैलाएको छ । यसरी FWLD ले 'सीप अभिवृद्धि र गुणवत्तामूलक न्याय' लाई आफ्नो संस्थागत संस्कृतिको हिस्सा बनाएको छ ।

**१२. आदिवासी र दलित महिलाको आवाज मुख्य प्रवाहमा - "बहुविविधताबाट न्यायसम्मत समाजतर्फ":** नेपालमा जात, भाषा, र पहिचानका आधारमा हुने विभेद अझै बलियो रूपमा जरा गाडेको छ । FWLD ले Land Rights Dialogue (सेप्टेम्बर २०२४) र FEDO सँगको संयुक्त अभियान (अगस्ट २०२४) मार्फत आदिवासी र दलित महिलाका विशिष्ट मुद्दा उठाएको थियो । यसले 'एकै किसिमको समाधान सबैका लागि उपयुक्त हुँदैन' भन्ने दृष्टिकोणलाई अघि सार्दै intersectional justice लाई व्यवहारमा उतारेको छ । FWLD को मूल उद्देश्य - 'समान अवसर र समावेशी अधिकार सुनिश्चित गर्ने' - यस्ता गतिविधिमार्फत वास्तविक कार्यनीतिमा रूपान्तरित भएको छ ।

**१३. प्रमाणमा आधारित नीति वकालत - "तथ्यमा टिकेको न्याय":** FWLD को सबै नीति पैरवी गहिरो अनुसन्धानमा आधारित हुन्छ । कोभिड-१९ को सामाजिक-आर्थिक प्रभाव अध्ययन (जुलाई २०२४) र घरेलु हिंसा ऐन कार्यान्वयन अध्ययन (नोभेम्बर २०२४) ले तथ्यका माध्यमबाट नीति सुधारमा बलियो प्रमाण प्रदान गरेको छ । नेपालमा प्रायः नीति तर्कभन्दा अनुभवमा आधारित हुन्छ । FWLD ले यसको फरक दृष्टिकोण जुन तथ्यमा आधारित नीति निर्माण स्थापित गरेको छ। यसले सरकार र नागरिक समाजबीचको संवादलाई 'ज्ञानमा आधारित सहकार्य' मा रूपान्तरण गरेको छ, जसले संस्थाको विश्वसनीयतालाई अझ उचोईमा पुऱ्याएको छ ।

**१४. कानूनी उपलब्धिलाई प्रेरणाको स्रोत बनाउँदै - "विजय सम्झेर अर्को यात्रा सुरु":** FWLD ले अघिल्ला कानूनी विजयहरूलाई भविष्यका सुधारका आधार बनाउने परम्परा बसालेको छ । Marital Rape Verdict Dialogue (डिसेम्बर २०२४) र Safe Abortion Rights Comic Distribution (मार्च २०२५) ले कानूनी निर्णयलाई जनचेतनामा रूपान्तरण गरेको छ । नेपालमा धेरै कानूनी निर्णयहरू व्यवहारमा लागू नहुने समस्या छ जसमा FWLD ले न्यायालयका निर्णयहरूलाई जनस्तरमा लैजाने काम गरेको छ, जसले 'अदालतदेखि समुदायसम्मको न्याय यात्रा' सुदृढ बनाएको छ। यसले FWLD को दृष्टि - 'न्याय प्रयोगमा आउनुपर्छ, केवल लेखिँदा पर्याप्त छैन' - लाई मूर्त रूप दिएको छ ।

**१५. संवैधानिक निकायहरूसँग साझेदारी - "संयुक्त उत्तरदायिता, बलियो संस्था":** FWLD ले NHRC लगायतका संवैधानिक निकायहरूसँग सहकार्य गर्दै Economic, Social and Cultural Rights Monitoring (अक्टोबर २०२४) र Child Rights Shadow Report (फेब्रुअरी २०२५) पेश गरेको छ। यसले नागरिक समाज र संवैधानिक निकायबीचको सम्बन्धलाई सहयोगी (collaborative) ढाँचामा रूपान्तरण गरेको छ । नेपालमा राज्य निकायहरू प्रायः औपचारिकता तर्फ झुक्ने हुँदा FWLD को यस्ता पहलले व्यावहारिक उत्तरदायिता र सार्वजनिक निगरानीलाई बलियो बनाएको छ जुन FWLD को 'साझेदारीद्वारा प्रणालीगत सुधार' भन्ने मूल्यसँग मेल खान्छ ।

**१६. डिजिटल अधिकारका नयाँ चुनौतीमा अग्रणी कदम - "डिजिटल युगमा मानव अधिकारको सुरक्षा":** सूचना प्रविधिको विस्तारसँगै नेपालमा technology-facilitated violence र डिजिटल ठगी बढ्दो छ । FWLD ले Digital Security Helpline (एप्रिल २०२५) र Talk Program on Tech-based GBV (जनवरी २०२५) मार्फत नयाँ युगका जोखिमहरूलाई कानूनी दृष्टिकोणमा ल्याएको छ । नेपालमा यो विषय अझै कानूनी रूपमा अस्पष्ट छ, त्यसैले FWLD को कामले नीति निर्माता र कानूनी निकायहरूलाई खकरदारी र दिशानिर्देश दुवै दिएको छ । यसले FWLD को 'समयअनुसार रूपान्तरणशील संस्था' भन्ने चरित्र उजागर गर्छ ।

**१७. कला र संस्कृतिद्वारा सामाजिक सन्देश - "कला-संवाद, परिवर्तनको शक्ति":** FWLD ले कानूनी चेतनालाई भावनात्मक र सांस्कृतिक माध्यमद्वारा जनसाधारणसम्म पुऱ्याउने नविन अभ्यास गरेको छ । Art for Equality

Exhibition (सेप्टेम्बर २०२४) र Street Drama Festival on Ending Child Marriage (मार्च २०२५) ले जनस्तरमा संवेदनशील विषयलाई सहज रूपमा बुझाएको छ । नेपालमा ग्रामीण क्षेत्रमा कानूनी संवाद अझै औपचारिक भाषामा सीमित छ जसमा FWLD को यस दृष्टिकोणले शिक्षालाई संवाद र मनोरञ्जनसँग जोडेको छ जसले कानूनी शिक्षा सबैका लागि पहुँचयोग्य बनाएको छ ।

१८. **पारदर्शिता र जवाफदेहिताको उच्च स्तर – "विश्वास नै सबभन्दा ठूलो सम्पत्ति":** FWLD ले आफ्नो Annual Report २०२४ (जुलाई २०२४) सार्वजनिक गर्दै वित्तीय पारदर्शिता, परियोजना उपलब्धि र साझेदारीहरूबारे नियमित जानकारी दिएको छ । नेपालको नागरिक समाजमा पारदर्शिताको अभावले जनविश्वास घटाउने प्रवृत्ति रहँदा FWLD ले खुलापन (openness) र जवाफदेहिताको उदाहरण प्रस्तुत गरेको छ जसले नैतिक शासन र विश्वसनीय संस्था निर्माण भन्ने FWLD को मूल्यलाई स्थायित्व दिएको छ ।

१९. **अन्तर्राष्ट्रिय दिवसलाई कार्यमा रूपान्तरण – "प्रतिकात्मकता होइन, व्यवहारिक प्रतिबद्धता":** FWLD ले International Day of Rural Women (अक्टोबर २०२४) र World Mental Health Day (अक्टोबर २०२४) मा केवल कार्यक्रम होइन, ठोस कार्ययोजना अघि सारेको छ । उदाहरणका लागि, ग्रामीण महिलाको भूमि र प्रविधिमा पहुँचबारे गरिएको छलफलले स्थानीय तहमा ठोस नीति प्रस्ताव तयार गरेको थियो । त्यस्तै, मानव अधिकारकर्मीहरूको मानसिक स्वास्थ्यमा केन्द्रित अभियानले संस्थागत समर्थनको आवश्यकता उजागर गरेको थियो । यसले FWLD को दृष्टि – 'विश्वका मापदण्ड, नेपालको वास्तविकता' – लाई साकार तुल्याएको छ ।

२०. **एलुम्नाइ र सञ्जालमार्फत दीगो अभियान – "ज्ञानको निरन्तरता, अभियानको स्थायित्व":** FWLD ले आफ्नो पुरानो सहभागी र प्रशिक्षार्थीहरूलाई Grand Alumni Meet (जुलाई २०२५) मार्फत पुनः एकीकृत गर्दै Alumni Mentorship Program सुरु गरेको छ । यसले 'ज्ञान, अनुभव र प्रेरणा हस्तान्तरण' को संरचित प्रणाली बनाएको छ, जसले संस्थागत सोचलाई पुस्तौंदेखि पुस्तासम्म जीवित राख्ने सुनिश्चितता दिन्छ । नेपालजस्तो मानव स्रोत परिवर्तनशील समाजमा यस्तो दीगो सञ्जाल (sustainable network) मानव अधिकार आन्दोलनको स्थायित्वका लागि अनिवार्य आधार बनेको छ ।

## ८. न्यायका रूपान्तरणका पाइला : कानूनी सुधारमा FWLD को उपलब्धि

महिला, कानुन तथा विकास मञ्च (FWLD) ले नेपालको कानूनी तथा सामाजिक रूपान्तरणमा निर्णायक भूमिका खेलेको छ । सामाजिक परीक्षणको क्रममा देखिएका उपलब्धिहरूले देखाउँछ कि संस्थाले आफ्नो वकालत र पैरवीको माध्यमबाट लैङ्गिक समानता, मानव अधिकार र सामाजिक न्यायका क्षेत्रमा उल्लेखनीय योगदान दिएको छ । विशेष गरी नेपाल नागरिकता ऐन (दोस्रो संशोधन) विधेयक, २०८१ संघीय संसदबाट पारित हुनु FWLD को दीर्घकालीन प्रयासको ठोस नतिजा हो । यो उपलब्धिले नेपालको संविधानमा रहेको समान नागरिकताको अधिकारलाई व्यवहारमा रूपान्तरण गर्ने दिशामा ठूलो कदमको रूपमा लिइन्छ । महिलाले आफ्नो पहिचान र नागरिकता अधिकार समान रूपमा प्रयोग गर्न सकून् भन्ने FWLD को मूल दृष्टिकोण यसले प्रतिबिम्बित गर्छ ।

त्यस्तै, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा FWLD को निरन्तर वकालतले महत्वपूर्ण कानूनी सुधारको बाटो खोलेको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८१ संघीय संसदमा दर्ता हुनु FWLD को निरन्तर पैरवी, अनुसन्धान, र पीडित-केन्द्रित दृष्टिकोणको नतिजा हो । यसले राष्ट्रिय कानूनी संरचनालाई सुदृढ मात्र गरेको छैन, नेपालको अन्तर्राष्ट्रिय दायित्वहरु जस्तै विशेष गरी मानव बेचबिखनविरुद्धका कन्वेन्सनहरूको कार्यान्वयनमा पनि टेवा पुऱ्याएको छ । यी प्रयासहरूले FWLD को रणनीतिक उद्देश्य 'न्यायमा पहुँच र समानतामा आधारित समाज' निर्माण गर्ने लक्ष्यसँग प्रत्यक्ष रूपमा सम्बन्ध राख्छन् ।

त्यसैगरी, FWLD ले स्थानीय तहमा समेत कानूनी र नीतिगत सुधारका पहलहरू सशक्त रूपमा अघि सारेको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०८१ र एचआईभी संक्रमितका लागि समानतासम्बन्धी कार्यविधि, २०८२ स्थानीय तहमा पारित गराउन सफल हुनु संस्थाको Grassroot Level मा पनि प्राथमिकताको प्रमाण हो । यसले राष्ट्रिय प्रतिबद्धतालाई स्थानीय व्यवहारमा उतार्ने संस्थाको क्षमतालाई देखाउँछ । यस्तै, सुदूरपश्चिम प्रदेशसभाको महिला समन्वय समितिलाई लैङ्गिक उत्तरदायी र समावेशी बजेटका लागि ध्यानाकर्षण गराउन FWLD ले गरेको सहजीकरण संस्थाको नीति पैरवी क्षमताको उत्कृष्ट उदाहरण हो । यी सबै उपलब्धिहरु FWLD का मूल मूल्यहरु - समानता, समावेशीकरण र सम्मान - सँग प्रत्यक्ष सम्बन्धित छन् । यी उपलब्धिहरूले प्रमाणित गर्छन् कि कानूनी सुधारले केवल कागजमा परिवर्तन ल्याउँदैन, यसले समाजका सीमान्तकृत र वञ्चित समूहहरूको दैनिक जीवनमा न्याय र अवसरको पहुँच पनि सुनिश्चित गर्छ ।

## ९. पहिचान, न्याय र आशाका किरणहरू: FWLD का कानूनी Intervention ले लेखेका परिवर्तनका कथा

नेपालमा नागरिकता, लैङ्गिक समानता र न्यायका मुद्दाहरू केवल कानूनी विषय मात्रै होइनन्, यी असंख्य नागरिकका जीवनसँग प्रत्यक्ष सम्बन्धित अधिकारका सवाल हुन् । महिला, कानून र विकास मञ्च (FWLD) ले विगत दशकहरूदेखि यस्ता मुद्दाहरूमा कानूनी पैरवी, जनचेतना र नीति सुधारका माध्यमबाट न्यायको पहुँच विस्तार गर्दै आएको छ। यस सामाजिक परीक्षणका क्रममा संकलित प्रतिनिधिमूलक चारवटा केस अध्ययनहरू (भरत र चेतारा सिंह, अविनाश थापा, सुकुमाया, र सुस्मिता विश्वकर्मा) - यी सबैले नागरिकताको अधिकार, लैङ्गिक समानता र मानवअधिकारको मूलभावलाई मूर्त रूप दिएका छन् । यी केसहरूले जब कानूनी प्रणालीले मानवता र संवेदनशीलतालाई प्राथमिकता दिन्छ, तब प्रणाली केवल नियमको पालना मात्र होइन, न्यायको पुन:परिभाषा बन्छ भन्ने देखाएको छ । FWLD का यस्ता Intervention ले नेपालमा कानूनको पहुँचलाई मानवीय मूल्य, सामाजिक न्याय र संविधानमा निहित समानताको दिशामा अग्रसर गराएको छ ।

### केस विश्लेषण १: अन्तरिम आदेशले ल्याएका आशाका किरणहरु (भरत र चेतारा सिंह)

FWLD को कानूनी Intervention ले भरत सिंह र चेतारा सिंहको जीवनमा नयाँ आशा जगायो । नागरिकता अभावका कारण उनीहरूलाई आर्थिक पहिचान र बैंक खाता खोल्ने जस्ता आधारभूत अधिकारबाट वञ्चित गरिएको थियो । FWLD को निरन्तर कानूनी परामर्श र सर्वोच्च अदालतमा दायर गरिएको रिट मार्फत् अदालतले अन्तरिम आदेश जारी गरी स्थायी लेखा नम्बर र बैंक खाता खोल्न अनुमति दियो । यसले 'नागरिकता नभएकाहरु पनि कानूनी पहिचानको अधिकारबाट वञ्चित हुन हुँदैन' भन्ने सिद्धान्तलाई बलियो बनाएको छ । कानूनी प्रक्रियामा लचकता र मानवअधिकार दृष्टिकोण आवश्यक छ भन्ने सन्देश नीति निर्माताहरूका स्पष्ट रुपमा दिएको छ । यसले अन्य यस्तै अवस्थाका नागरिकहरूलाई पनि कानूनी अधिकारका लागि लड्न आत्मविश्वास दिलाएको छ ।


भरत सिंह

भरत सिंह र चेतारा सिंह दाजुभाइ हुन्, आमाबाबु दुवै एचआईभी पोजेटिभ भए पनि, भरत र चेतारालाई भने एचआईभी देखिएन । उनकी आमा अझै पनि औषधि सेवन गरिरहेकी छिन्, बुबा भने यो संसारमा हुनु हुन्न । जन्म दर्ता प्रमाणपत्रको आधारमा, भरतले +२ को शिक्षा पूरा गरेका छन् भने चेताराले एसईई पूरा गरेका छन् । घरपरिवारको आर्थिक भार आफुले लिनु पर्ने भएकोले सुरुमा स्थायी लेखा नं. र

बैंक खाता आवश्यक भएकाले भरत नागरिकताको लागि आवेदन दिए । भरतले वंशज नागरिकता र बुबाको मृत्यु प्रमाणपत्रको साथसाथै शैक्षिक प्रमाणपत्र र वडा सिफारिस दिएर नागरिकताको लागि आवेदन दिएका थिए । यसका बावजुद जिल्ला प्रशासन कार्यालय सुनसरीले बारम्बार उनलाई मौखिक रूपमा अस्वीकार गऱ्यो कि उनलाई उनको बुबाको नागरिकता बिना नागरिकता दिन अस्वीकार गऱ्यो । नागरिकता प्राप्तिका लागि कानुनी प्रक्रियाहरूको सामना गर्दै भरत र चेतारा सिंहले FWLD लाई सम्पर्क गरे। FWLD को कानुनी सहयोगमा, जिल्ला प्रशासन कार्यालय, सुनसरी विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो । त्यसपश्चात् सर्वोच्च अदालतले सुनसरीको आन्तरिक राजस्व कार्यालयलाई स्थायी लेखा नम्बर (PAN) जारी गर्न र सानिमा बैंक, सुनसरीमा भरत सिंहको नाममा बैंक खाता खोल्न आदेश दिँदै अन्तरिम आदेश जारी गऱ्यो।

### केस विश्लेषण २: पहिचानको खोजी (अविनाश थापा)

अविनाश थापाको नागरिकताको यात्रा FWLD को दीर्घकालीन कानूनी सहयोगले सम्भव भएको थियो । अनाथ बालकको रूपमा हुर्किएका अविनाशले नागरिकता अभावका कारण शिक्षा, रोजगारी र नागरिक पहिचानमा ठूलो अवरोध भोग्नुपऱ्यो । FWLD को सहयोगमा सर्वोच्च अदालतमा दायर गरिएको मुद्दाले नेपालको नागरिकता ऐनका असमान प्रावधानहरूको व्यावहारिक चुनौती उजागर गऱ्यो । अन्ततः नागरिकता प्राप्त भएपछि अविनाशको जीवनमा कानूनी समानताको नयाँ ढोका खुलेको छ । यो केसले नीति निर्मातालाई नागरिकता अधिकारको मानवअधिकार पक्षमा पुनर्विचार गर्न प्रेरित गर्दछ, र समान अवस्थाका नागरिकहरूलाई कानूनी प्रक्रियाबाट आफ्ना अधिकार सुरक्षित गर्न उत्प्रेरित गर्दछ ।

३२ वर्षीय अविनाश थापा, काठमाडौंमा उनका हजुरबुबा हजुरआमाले उनलाई हुर्काएका थिए । उनले आफ्नो पहिचान र अधिकार सुरक्षित गर्न निकैनै चुनौतीपूर्ण यात्राको सामना गर्नुपरेको थियो । उनका बुबा जन्मनुभन्दा अगाडि नै बेपत्ता भए र तीन महिनाको उमेरमा नै आमा बेपत्ता भए पश्चात् उनि कलिलो उमेरमानै अनाथ भए । आफ्नो दुर्दशाका बाबजुद पनि अविनाशले आफ्नो पहिचान खोज्न निस्के । उनका आमाबाबु र उनीहरूको नागरिकता नभएका कारणले गर्दा जिल्ला प्रशासन कार्यालयले उनलाई नागरिकता प्रमाणपत्र दिन अस्वीकार गऱ्यो । यो अस्वीकारले उनलाई राज्यविहीन मात्र बनाएन तर आफ्नै जन्म दर्ता गर्नबाट पनि रोक्यो, जसले उनको पीडालाई अझ गहिरो बनायो । FWLD को निरन्तर सहयोगले अविनाशले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरे । लामो कानुनी लडाईं र अदालतको फैसला पछि अन्ततः नागरिकता प्राप्त गरे ।



### केस विश्लेषण ३: न्याय र समानताका लागि सुकुमायाको लडाईं

सुकुमायाको कथा नेपालमा लैङ्गिक समानता र नागरिकता अधिकारका क्षेत्रमा ऐतिहासिक मोड हो । विदेशीसँग विवाह गरेकी कारणले नागरिकताको अधिकारबाट वञ्चित सुकुमायाको संघर्ष FWLD को कानूनी सहयोथमा सर्वोच्च अदालतसम्म पुग्यो । संवैधानिक इजलासको आदेशले भेदभावपूर्ण कानूनी प्रावधान असंवैधानिक ठहर गर्दै महिलाले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने अधिकार सुनिश्चित गऱ्यो। यसले लैङ्गिक समानतामा ठूलो कानूनी नजिर स्थापित गरेको छ । नागरिकता अधिकारलाई जन्म, विवाह वा लिङ्गका आधारमा सीमित गर्नु मानवअधिकारको उल्लङ्घन हो भन्ने सन्देश नीति निर्माताहरूलाई दिएको छ । अन्य समान अवस्थाका महिलाहरूका लागि सुकुमायाको संघर्ष कानूनी न्यायप्राप्तिको मार्गदर्शक प्रेरणा बनेको छ ।

१२ वर्षको उमेरमा, सुकुमाया लामा भारतमा बेचबिखन भई सर्कसमा काम गर्न बाध्य भईन । त्यहाँ, उनले एक भारतीय पुरुषलाई भेटिन् र विवाह गरिन् र दुई छोरीकी आमा बनिन् । तर उनका पतिको दु:खद घटना पछि सुकुमाया आफ्नो जीवन पुनसुरुवात गर्ने आशामा आफ्नो मातृभूमि नेपाल फर्किइन् । जब उनी आफ्नो कानुनी पहिचानको खोजि गर्दा उनले कुनै बाटो पहिल्याउन सकिनन् । कानूनले भन्यो कि उनले विदेशीसँग विवाह गरेकी हुनाले उनलाई आवेदन दिन पनि अनुमति दिइएको थिएन । तर सुकुमाया एक्लै उभिनन् । महिला, कानून र विकास मञ्च (FWLD) को समर्थनमा उनको लडाई सर्वोच्च अदालतमा पुग्यो । मिति २०८२ जेठ १४ गते संवैधानिक इजलासले भेदभावपूर्ण र असंवैधानिक घोषित गर्‍यो, र सुकुमायालाई वंशजको आधारमा नागरिकता प्रदान गर्न आदेश दियो । यो ऐतिहासिक फैसला सुकुमायाको व्यक्तिगत विजय मात्र थिएन । यसले कुनै पनि नेपाली महिलालाई उनको पहिचान र अधिकारबाट वञ्चित गरिने छैन जसको कारण विवाह होस् ।



### केस विश्लेषण ४: पहिचानको खोजी (सुस्मिता विश्वकर्मा)

सुस्मिता विश्वकर्माको कानूनी यात्राले आमामार्फत् नागरिकता प्राप्त गर्ने अधिकारमा नयाँ अध्याय खोलेको छ । बाल्यकालमै पिताको हिंसात्मक व्यवहार र बिछोडले प्रभावित सुस्मितालाई नागरिकता अभावका कारण कानूनी पहिचान, शिक्षा र रोजगारीका अवसरमा बाधा आयो । FWLD को कानूनी सहयोगमा दायर मुद्दाले 'मातृमार्फत नागरिकता प्राप्त गर्ने अधिकार' लाई अदालतबाट न्यायिक मान्यता दिलायो । यसले संविधानले परिकल्पना गरेको लैङ्गिक समानताको व्यवहारिक कार्यान्वयन सुनिश्चित गरेको छ । नीतिहरूले मातृत्वलाई पनि नागरिकताको आधारस्वरूप समान स्थान दिनुपर्छ भन्ने नीति निर्माताका लागि एक दृष्टान्त हो । अन्य समान अवस्थाका युवतीहरूका लागि सुस्मिताको उदाहरण साहस र अधिकार चेतनाको प्रतीक बनेको छ ।

सुष्मिता विश्वकर्मा जन्म काभ्रेपलाञ्चोक भए पनि अहिले मकवानपुरको मनहरी-९ मा बस्छिन् । काठमाडौंमा घरेलु कामदारको रूपमा काम गर्ने आमाबाट जन्मेकी उनि १३ वर्षकी हुँदा बुवाले आमालाई कुटपिट गरेर बुवा डेराबाट निस्की अहिले सम्म फर्किनु भएको छैन । बुबाको नागरिकताको रेकर्ड बिना, सुष्मिता नागरिकता प्राप्त गर्नबाट वञ्चित थिइन् । अर्जुन विश्वकर्मासँग विवाह गरेपछि उनले मकवानपुरमा नागरिकता प्राप्त गर्न धेरै पटक प्रयास गरिन्। वडा कार्यालयले सुरुमा सिफारिस गर्‍यो, तर जिल्ला प्रशासन कार्यालयले उनको बुबाको पूर्ण विवरण माग्दै उनलाई नागरिकता दिन अस्वीकार गर्‍यो । त्यसपश्चात, FWLD को कानुनी सहयोगमा सुष्मिताले आफ्नी आमा मार्फत नागरिकताको अधिकार दाबी गर्दै मुद्दा दायर गरिन् । अन्तमा अदालतले आफ्नो निर्णय सुनायो, उनलाई आफ्नी आमा मार्फत नागरिकता प्राप्त गर्ने अधिकार प्रदान गर्‍यो ।



# १०. FWLD को सशक्त प्रभावकारी सञ्जाल र समन्वयको भूमिका

महिला, कानून र विकास मञ्च (FWLD) ले राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरसम्म दिगो र प्रभावकारी सञ्जाल/नेटवर्किङमार्फत आफ्नो कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गर्दै आएको छ । संस्थाले विश्वसनीय र प्रतिष्ठित दाताहरू जस्तै संयुक्त राष्ट्र शरणार्थी उच्चायोग (UNHCR), युनिसेफ (UNICEF), UN Women, अमेरिकी दूतावास, अस्ट्रेलियन दूतावास, Amplify Change, Winrock International Nepal लगायतका संस्थाहरूसँग सहकार्य गर्दै आएको छ । यस्ता दाताहरूको सहयोगले FWLD लाई आफ्ना गतिविधिहरूका लागि आवश्यक स्रोतसाधन र प्राविधिक सहयोग उपलब्ध गराउन मद्दत पुऱ्याएको छ । यसरी दातासँगको विश्वसनीय सम्बन्धले संस्थालाई दीर्घकालीन योजना बनाउने र प्रभावकारी कार्यान्वयनमा अग्रसर हुन सक्ने वातावरण निर्माण गरेको छ ।

संस्थाले विभिन्न अन्तर्राष्ट्रिय नेटवर्कहरूमा पनि महत्वपूर्ण सदस्यता लिईरहेको छ, जस्तै South Asian Task Force for Action on CEDAW, Statelessness and Dignified Citizenship Coalition – Asia Pacific, Global Campaign for Equal Nationality Rights, Global to Local Network / South Asian Reproductive Justice Accountability Initiative (SARJAI) । यी नेटवर्कहरूसँगको सक्रिय संलग्नताले FWLD लाई अन्तर्राष्ट्रिय मानव अधिकार मञ्चमा आफ्नो आवाज बलियो बनाउन मात्र नभई वैश्विक कानूनी मापदण्ड र प्रवृत्तिहरूलाई नेपालमा प्रभावकारी रूपमा लागू गर्ने अवसर प्रदान गरेको छ । यसले FWLD को कामलाई अन्तर्राष्ट्रिय सन्दर्भमा पनि मान्यता प्रदान गरेको छ।

राष्ट्रिय स्तरमा पनि FWLD ले मानव अधिकार र कानूनी पहुँचलाई सुदृढ बनाउने विभिन्न नेटवर्कहरूको नेतृत्व र सक्रिय सदस्यता जनाएको छ । Human Right Treaty Monitoring Coordination Committee (HRTMCC), Legal Aid Working Group, National Network for Safe Migration (NNSM), Legal Empowerment Network, / National Network for Beijing Review Nepal (NNBN) जस्ता संस्थाहरूसँगको सहकार्यले FWLD लाई नेपालको कानूनी र सामाजिक संरचनामा व्यापक पहुँच प्राप्त गराएको छ । यस्ता समन्वयहरूले मुद्दाहरूमा साझा रणनीति निर्माण, ज्ञान आदान प्रदान, र संसाधनहरूको प्रभावकारी उपयोगलाई सम्भव बनाएको छ जसले गरिब, वञ्चित र महिलाहरूलाई न्याय दिलाउन थप बलियो भूमिका खेल्न सहयोग पुऱ्याएको छ ।

FWLD को सचिवालयले यी सबै नेटवर्कहरूलाई एकीकृत गर्दै समन्वय र सञ्चारका माध्यमबाट संस्थाको कार्यदिशा सुनिश्चित गर्दै आएको छ । Civil Society Network on Citizenship Rights (CSNCR), CEDAW Shadow Report Preparation Committee, Provincial Network on Citizenship Rights, Reproductive Health Right Working Group (RHRWG), / Nepal Alcohol Policy Advocacy (NAPA) जस्ता नेटवर्कहरूको सचिवालयीय भूमिकाले कामको प्रभावकारिता र दिगोपनामा ठुलो योगदान पुऱ्याएको छ । यसले संस्थालाई आफ्ना प्राथमिकताहरूमा केन्द्रित भई सहजै निर्णय लिन र शीघ्र कार्यान्वयन गर्न सक्षम बनाएको छ ।

यस प्रकारको सशक्त नेटवर्किङ र समन्वयले FWLD लाई नेपालजस्तो विविधता र चुनौतीपूर्ण सामाजिक संरचनामा प्रभावकारी रुपमा काम गर्न सजिलो बनाएको छ । नेपालमा अझै पनि लैङ्गिक समानता, नागरिकता अधिकार, मानव अधिकार र सामाजिक समावेशीकरणका क्षेत्रमा गाहिरो अन्तर र चुनौतीहरु रहेका छन् । FWLD को यी नेटवर्कहरूले ती चुनौतीहरुको सामना गर्न सहकार्यलाई प्रवर्द्धन गर्दै आइरहेको छ, जसले गर्दा अभियानहरु धेरै सरोकारवालाहरु सम्म पुग्न, नीति निर्माणमा प्रभाव पार्न, र सेवा प्रवाहलाई गुणस्तरीय बनाउन मद्दत गरिरहेको छ ।

अन्ततः, FWLD को यस्ता बलियो र विविध नेटवर्कहरूले भविष्यमा परियोजना सञ्चालनलाई अझ प्रभावकारी, दिगो र पारदर्शी बनाउन सहयोग गर्ने सम्भावना बढाएका छन् । अन्तर्राष्ट्रिय र राष्ट्रिय साझेदारहरुको साथले परियोजना योजना, स्रोत व्यवस्थापन र अनुगमन-मूल्याङ्कन (monitoring and evaluation) मा समन्वय बढाउने मात्र होइन, संकटको समयमा छिटो प्रतिक्रिया र समाधानका उपायहरु पनि प्रभावकारी रूपमा लागू गर्न सकिने वातावरण निर्माण गरेको छ । यसले नेपालको महिला सशक्तिकरण, लैङ्गिक हिंसाविरुद्धको लडाई, र समानताको दिशामा ठूला प्रगति हासिल गर्ने बाटो अझ खुला बनाएको छ ।

# ११. वित्तीय व्यवस्थापन र कार्यक्रम कार्यान्वयन

सामाजिक परीक्षणका क्रममा वित्तीय व्यवस्थापन र कार्यक्रम खर्चसम्बन्धी FWLD का अभ्यासहरू अत्यन्तै सुदृढ, पारदर्शी र नियमानुकूल (compliance-based) रहेको पाइयो । वार्षिक बजेट ९१,८५,0000 रुपैयाँ मध्ये ९८.४६ प्रतिशत खर्च कार्यान्वयन हुनु स्वयंमा संस्थाको योजना, कार्यान्वयन र अनुगमन क्षमताको उच्च स्तरको प्रमाण हो । यो दरले FWLD ले उपलब्ध स्रोतहरूलाई अधिकतम उपयोग गरी कार्यक्रमहरूलाई लक्ष्यअनुसार अगाडि बढाएको स्पष्ट देखिन्छ । नेपालको नागरिक समाज क्षेत्रमा प्रायः 'बजेट प्रतिबद्धता र खर्चबीचको अन्तर' (budget variance) समस्या हुने गरेको सन्दर्भमा, FWLD को यो अभ्यास संस्थागत दक्षता (institutional efficiency), योजना क्षमताको परिपक्वता, र समयमै कार्यान्वयनको उत्कृष्ट उदाहरण हो ।

१. **कानूनी पहिचान कार्यक्रम - "उच्च कार्यान्वयन दरको नमूना":** कानूनी पहिचान कार्यक्रम अन्तर्गत कुल बजेट रु. २२,३0,0000.00 मध्ये रु. २२,४७,३५४७.७९ खर्च भएको छ, जसको utilization rate १00.७८ % छ । यो तथ्यले FWLD ले लक्ष्यभन्दा बढी कार्यान्वयन गर्न सफल भएको देखाउँछ । यस कार्यक्रमले नागरिकताको हक, कानूनी परिचय, र हकप्रतिको पहुँचमा केन्द्रित भएर महिलाहरू र सीमान्तकृत समुदायका व्यक्तिहरूको आवाज कानूनी संरचनासम्म पुऱ्याएको छ । खर्चको उच्च दरले संस्थाको व्यवस्थापन क्षमता मात्र होइन, 'न्यायमा पहुँच सबैका लागि' भन्ने FWLD को दृष्टिकोणलाई व्यवहारिक रूपमा पुष्टि गर्दछ ।

२. **लैङ्गिक तथा यौनिक हिंसा विरुद्ध कार्यक्रम - "स्रोतको सदुपयोग र सामाजिक प्रभाव":** यो कार्यक्रम FWLD को एक प्रमुख Intervention हो, जसमा कुल बजेट रु. ३२,१३,0000.00 मध्ये रु. ३२,0७,७५९.0७ खर्च भएको छ, utilization rate ९९.८४% । यस दरले देखाउँछ कि स्रोत व्यवस्थापन सन्तुलित र योजनाबद्ध रुपमा भएको छ । नेपालमा यौनिक हिंसाका पीडितहरूको न्यायमा पहुँच अझै चुनौतीपूर्ण छ, तर FWLD ले यो कार्यक्रममार्फत पीडित सहयोग, कानूनी परामर्श, र संस्थागत वकालतमा उल्लेखनीय प्रभाव देखाएको छ । बजेटको उच्च उपयोग दरले "rights-based programming" को उच्चतम स्तरको कार्यक्षमता प्रदर्शन गरेको छ ।

३. **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार - "स्वास्थ्यमा समान पहुँचका लागि प्रभावकारी लगानी":** यो क्षेत्रमा रु. २0,४२,९000.00 मध्ये ९९.७३% खर्च भएको छ । यो कार्यक्रम FWLD को "reproductive rights as human rights" दृष्टिकोणमा आधारित छ । नेपालमा प्रजनन स्वास्थ्यमा महिलाको निर्णयसत्ता अझै कमजोर रहेको पृष्ठभूमिमा, कार्यक्रमले कानूनी सचेतना, सेवा पहुँच, र नीतिगत सुधारमा ठोस उपलब्धि ल्याएको छ । खर्चको सन्तुलन (administrative, salary, programme) ले वित्तीय अनुशासन र परिणाममुखी लगानी (result-oriented investment) लाई देखाउँछ ।

४. **मानव बेचबिखन तथा ओसारपसार विरुद्ध कार्यक्रम - "कम स्रोतमा उच्च प्रभाव":** यो क्षेत्रमा कुल रु. १८,८0,000.00 बजेटमा ९९.६८% खर्च भएको छ । FWLD ले सीमित स्रोतमा पनि रणनीतिक साझेदारी, कानूनी सहायता, र नीति पैरवीका गतिविधिहरु प्रभावकारी रुपमा सञ्चालन गरेको छ । नेपालमा मानव बेचबिखन अझै सामाजिक र भौगोलिक दृष्टिले चुनौतीपूर्ण विषय हो । यस्तो अवस्थामासमेत FWLD को implementation efficiency उच्च रहनु, यसको व्यवस्थापन क्षमताको प्रमाण हो।

५. **बाल अधिकार कार्यक्रम - "वित्तीय अनुशासन र सामाजिक प्राथमिकता":** बाल अधिकार क्षेत्रमा रु. ७१,४0,000.00 बजेटमा ९९.१४% खर्च भएको छ । यसले FWLD को सामाजिक प्राथमिकता (social prioritization) र उत्तरदायिताको दृष्टिकोणलाई प्रष्ट देखाउँछ । नेपालमा बाल श्रम, बालविवाह र हिंसाजस्ता समस्या अझै विद्यमान छन् । FWLD ले यस क्षेत्रमा कानूनी सचेतना, विद्यालयस्तरका Intervention, र नीतिगत सिफारिसका कार्यक्रमहरूलाई सन्तुलित रुपमा अघि बढाएको छ, जसमा खर्च र परिणामबीच स्पष्ट सम्बन्ध देखिन्छ ।

६. **अन्तर्राष्ट्रिय उत्तरदायित्व कार्यक्रम - "ग्लोबल मापदण्डअनुरुप पारदर्शिता":** अन्तर्राष्ट्रिय उत्तरदायित्वका कार्यहरूमा रु. ५९,00,000.00 बजेटमा ९९.६% खर्च भएको छ । यो क्षेत्र FWLD को अन्तर्राष्ट्रिय सञ्जाल

(global advocacy) र reporting commitment सँग सम्बन्धित छ । नेपालका नागरिक समाज संस्थामध्ये FWLD नै त्यस्तो संस्था हो जसले ECOSOC (UN) मा आबद्ध भई अन्तर्राष्ट्रिय मापदण्डमा काम गर्छ । यसले FWLD को वित्तीय पारदर्शिता र दिगो उत्तरदायिता (sustainability and accountability) लाई मजबुत बनाएको छ ।

७. **साधारण प्रशासन – "संस्थागत सञ्चालनमा वित्तीय अनुशासन":** FWLD ले प्रशासनिक खर्चमा ९८.५३% खर्च कार्यान्वयन गरेको छ । यो दरले देखाउँछ कि संस्थाले आफ्ना सञ्चालन खर्चहरूमा [cost efficiency] कायम राख्दै अधिकतम स्रोत कार्यक्रम कार्यान्वयनतर्फ केन्द्रित गरेको छ । नेपालमा प्रायः संस्थाहरूले प्रशासनिक खर्च उच्च हुने समस्या देखाउँछन्, तर FWLD ले यो अनुपात सन्तुलित राख्दै वित्तीय जिम्मेवारी (financial responsibility) को उत्कृष्ट अभ्यास देखाएको छ ।

८. **समग्र मूल्याङ्कन – "उच्च कार्यक्षमता र जवाफदेहिताको नमूना":** कुल ९१,८५०,०००.०० मध्ये ९०,४३७,९८४.९६ खर्च (९८.४६%) FWLD का लागि एक उत्कृष्ट उपलब्धि हो । यसले देखाउँछ कि बजेटको उपयोग संस्थाको उद्देश्य, परिणाम, र जवाफदेहितासँग स्पष्ट रूपमा मेल खाएको छ । नेपालमा सामाजिक संगठनहरूको खर्चमा प्रायः "underutilization" वा "overspending" समस्या देखिँदा FWLD को सन्तुलित खर्च दरले प्रभावकारी योजना, आन्तरिक अनुगमन र पारदर्शी वित्तीय प्रणालीको सफल कार्यान्वयन पुष्टि गर्छ।

समग्रमा, FWLD को कार्यक्रम खर्चले संस्थाको दृष्टि - 'न्याय र समानताको लागि उत्तरदायी संस्था' - लाई वित्तीय रूपमा पनि प्रतिबिम्बित गरेको छ । यसले FWLD लाई नेपालका अग्रणी उत्तरदायी नागरिक समाज संस्थामध्ये एउटा "benchmark organization for financial governance" को रूपमा स्थापित गरेको छ। *(बजेटको बिस्तृत विवरण अनुसूची ३ मा हेर्नुहोस)*

# १२. अवरोधबीचको अग्रगमन: चुनौती व्यवस्थापनमा FWLD को संस्थागत लचीलोपन र आत्मनिर्भर अभ्यास

नेपालको नागरिक समाज र गैरसरकारी क्षेत्र हालका वर्षहरूमा निरन्तर चुनौतीपूर्ण परिवेशबाट गुज्रिरहेका छन् जस्तैः राजनीतिक अस्थिरता, संघीय पुनर्संरचना, र अन्तर्राष्ट्रिय सहयोगमा आएको उतारचढावले संस्थागत कार्यप्रवाहमा प्रत्यक्ष प्रभाव पारिरहेका छन् । विशेषतः सन् २०२५ जनवरीमा अमेरिकाबाट आएको US Fund कटौतीका कारण विश्वव्यापी रूपमा मानवअधिकार, लैङ्गिक समानता र कानूनी न्यायमा काम गर्ने संस्थाहरूले स्रोत घटाउने दबाब भोगिरहेका छन् । यस्ता कठिन परिस्थितिमा पनि महिला, कानून र विकास मञ्च (FWLD) ले आफ्नो संस्थागत प्रतिबद्धता, आन्तरिक व्यवस्थापन र मूल्यमा आधारित निर्णयमार्फत कार्यक्रम निरन्तरता सुनिश्चित गर्न सफल भएको छ । यसले FWLD लाई केवल एक कार्यान्वयन संस्था नभई न्याय, समानता र उत्तरदायित्वको दीर्घकालीन मूल्यमा अडिग संगठनका रूपमा स्थापित गरेको छ ।

FWLD ले कार्यान्वयन गर्दै आएको हाम्रो सम्मान् परियोजना, जसले लैङ्गिक समानता र महिलामाथि हुने हिंसाविरुद्ध सामुदायिक नेतृत्व सुदृढीकरणमा योगदान दिइरहेको थियो, USAID/Winrock को सहयोग अकस्मात् रोकिएपछि प्रत्यक्ष प्रभावमा परेको थियो । यस्तो अवस्थामा धेरै गैरसरकारी संस्थाहरूले कार्यक्रम स्थगन गर्ने वा कर्मचारी कटौती गर्ने विकल्प रोज्ने गर्छन् । तर FWLD ले यस्तो चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै आफ्नै आन्तरिक कोष (internal fund) प्रयोग गरी परियोजना निरन्तरता सुनिश्चित गऱ्यो । यो दृष्टान्त नेपालजस्तो देशमा, जहाँ दातृनिर्भरता अझै उच्च छ, संस्थागत आत्मनिर्भरता र मूल्यमा आधारित शासनको उत्कृष्ट अभ्यासका रूपमा स्थापित भएको छ । यसले दातृ निकायहरूलाई पनि सन्देश दिएको छ की स्रोत घटे पनि उद्देश्य र सामाजिक न्यायको प्रतिबद्धता घट्नु हुँदैन ।

प्रदेश सरकारहरूको अस्थिरता र प्रतिनिधिहरूको आवधिक बैठकमा मात्र राजधानी उपस्थित हुने चलनले कार्यक्रम सञ्चालनमा व्यवस्थापनात्मक चुनौती सिर्जना गरेको अर्को महत्वपूर्ण अवरोध थियो । विशेषगरी नीति संवाद, लैङ्गिक

बजेट र स्थानीय स्तरमा कानूनी परामर्शजस्ता कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न समय र पहुँच दुवै सीमित रहेको थियो तर FWLD ले यो चुनौतीलाई पनि संस्थागत लचकता (institutional flexibility) का माध्यमबाट सामना गऱ्यो- कार्यक्रमहरूलाई उपलब्ध समय र सन्दर्भअनुसार पुन:तर्जुमा गर्दै, प्रदेशसभा सदस्य र सरकारी सरोकारवालाहरूको उपलब्धतालाई प्राथमिकतामा राखेर आन्तरिक स्रोतबाटै कार्यक्रम सम्पन्न गरेको छ । यस्तो अभ्यासले FWLD केवल कार्यक्रम कार्यान्वयनमा मात्रै सक्षम छैन, परिवर्तित राजनीतिक र प्रशासनिक संरचनामा पनि उतिकै संस्थागत अनुकूलता र शासन (नयखभचलबलअभ) को उच्च उदाहरण प्रस्तुत गर्न सक्षम संस्था हो भनेर देखाएको छ ।

## १३. "सुधारको यात्रामा अग्रगमन: सामाजिक लेखापरीक्षणका सिफारिसहरूमा FWLD को कार्यान्वयन र संस्थागत उत्तरदायित्व"

सामाजिक लेखापरीक्षण संस्थागत उत्तरदायित्व, पारदर्शिता र नागरिकमाथिको जवाफदेहिताको सशक्त अभ्यास हो । नेपालजस्तो देशमा जहाँ विकासका कार्यक्रमहरू दातृ निकाय र साझेदारहरूको सहकार्यमा सञ्चालन हुन्छन्, त्यस्ता लेखापरीक्षणबाट प्राप्त सिफारिसहरूको कार्यान्वयन संस्थाको विश्वसनीयता र प्रभावकारिताको सूचक हो । महिला, कानून र विकास मञ्च (FWLD) ले विगतका सामाजिक लेखापरीक्षणहरूबाट आएका सात मुख्य सिफारिसहरूलाई केवल सुझावका रूपमा नभई संस्थागत सुधार र सुदृढीकरणका अवसरका रूपमा ग्रहण गरेको देखिन्छ । यी सिफारिसहरूको कार्यान्वयनमा FWLD को दृष्टिकोण- 'न्यायमा पहुँच, कानूनी सशक्तिकरण र लैङ्गिक समानता' सँग स्पष्ट सम्बन्ध देखिन्छ । नेपालमा बढ्दो लैङ्गिक हिंसा, विभेदपूर्ण कानून, र डिजिटल युगमा बढ्दै गएको cyber crime/violence का सन्दर्भमा FWLD का यी कार्यहरू केवल संस्थागत दायित्व होइनन्, देशको न्याय र समानताको यात्रामा योगदान हुन् ।

१. **अधिकार संरक्षणका कार्यक्रमहरूको निरन्तरता:** पछिल्लो सामाजिक लेखापरीक्षणले महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका र जोखिम समूहका नागरिकहरूको अधिकार सुनिश्चित गर्न निरन्तर क्रियाशील रहन सुझाव दिएको थियो । नेपालमा यी समूहहरू अझै पनि नागरिकता प्राप्ति, लैङ्गिक हिंसा, बहुविवाह, र सम्पत्ति अधिकारका सवालमा विधिक अवरोध भोगिरहेका छन् । FWLD ले यस्ता मुद्दाहरूमा कानूनी सहायता, पैरवी, र सचेतनामूलक अभियानलाई निरन्तरता दिँदै आएको छ । विशेषत: पीडित व्यक्तिहरूको न्याय सुनिश्चित गर्ने संस्थाको प्रयासले "rights in practice" को दृष्टान्त स्थापित गरेको छ । यस्तो निरन्तरता FWLD को भिजन - 'समान, न्यायपूर्ण र हिंसामुक्त समाज' - सँग सीधै मेल खाएको पाइयो । नेपालमा दातृ समर्थन घट्दै गएको अवस्थामा पनि FWLD को निरन्तर क्रियाशीलता संस्थागत आत्मनिर्भरता र सामाजिक उत्तरदायित्वको उदाहरण हो ।

२. **नीतिगत तहमा सहकार्य र विभेदपूर्ण कानून संशोधनमा पहल:** दोस्रो सिफारिस अनुसार, नीति निर्माण तहमा सहकार्यलाई निरन्तरता दिनुपर्ने भनिएको थियो । नेपालमा लैङ्गिक समानता र न्यायका लागि नीति र कानूनी संरचना अझै पनि पुरुषप्रधान सोचमा आधारित छन् । FWLD ले संघीय र प्रदेश सांसदहरूसँग निरन्तर संवाद र अन्तरक्रिया गर्दै विभेदपूर्ण कानूनहरू पहिचान गर्न र संशोधनका लागि वकालत गर्दै आएको छ । यो कार्य संस्थाको मिशन - 'कानूनी सशक्तिकरण र न्यायमा पहुँच बढाउने' - सँग प्रत्यक्ष सम्बन्धित छ। यस्ता निरन्तर छलफलले कानूनी सुधार प्रक्रियामा नागरिक आवाजलाई नीतिगत तहमा पुऱ्याउने प्रभावकारी माध्यमका रूपमा काम गरेको छ ।

३. **नयाँ सामाजिक चुनौतीहरूमा संस्थागत सक्रियता:** तीस्रो सिफारिसले संस्थालाई नयाँ विषयहरू - जस्तै cyber safety, जलवायु न्याय, र लैङ्गिक उत्तरदायी बजेटमा ध्यान दिन सिफारिस गरेको थियो । FWLD ले बागमती, कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेशका सांसदहरूसँग लैङ्गिक उत्तरदायी बजेटबारे अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरेको छ, जसले नीति निर्माण तहमा लैङ्गिक दृष्टिकोण समावेश गर्न सहयोग पुऱ्याएको

छ । साथै, सञ्चारकर्मीहरूसँग साइबर अपराध र अनलाइन हिंसा विषयक संवादले डिजिटल स्पेसमा महिला र किशोरीहरूको सुरक्षालाई सशक्त बनाएको छ । नेपालमा साइबर हिंसा तीव्र रूपमा बढ्दै गएको सन्दर्भमा FWLD को यस्तो पहल नीति-व्यवहार अन्तर घटाउने महत्त्वपूर्ण प्रयास हो ।

४. **विपद् प्रभावितहरूको दिगो पुनर्स्थापना र आत्म-देखभाल (self-care advocacy):** चौथो सिफारिसले विपद् प्रभावितहरूको पुनर्स्थापना र आत्म-देखभालमा ध्यान दिन सुझाएको थियो । नेपालमा प्राकृतिक विपद्का कारण महिलाहरू र जोखिम समूह अझ बढी प्रभावमा पर्न सक्छन् । FWLD ले विपद् जोखिम न्यूनीकरण र मानसिक स्वास्थ्यसँग सम्बन्धित पैरवी र सचेतनामूलक कार्यहरू अगाडि बढाएको छ । यो संस्थाको मूल्य - 'मानव मर्यादा र लैङ्गिक न्याय' - सँग मेल खान्छ । सामाजिक न्याय केवल कानूनी पहुँच नभई पुनर्स्थापना र आत्म-सम्मानको पुनर्निर्माणमा पनि केन्द्रित हुनुपर्ने सन्देश FWLD का यस्ता गतिविधिबाट स्पष्ट हुन्छ ।

५. **मानव बेचबिखनविरुद्ध कानूनी सुधारमा वकालत:** पाँचौं सिफारिसमा मानव बेचबिखन र ओसारपसारका नयाँ स्वरूपहरूका लागि नीतिगत सुधार र अभियानलाई प्राथमिकता दिन सुझाव दिइएको थियो । FWLD ले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई संशोधन गर्न सक्रिय पैरवी गर्दै आएको छ । हाल प्रतिनिधिसभामा दर्ता भएको (first amendment bill २०८१) यसै प्रयासको नतिजा हो । नेपालमा मानव बेचबिखनका रूपहरू (labour exploitation, cyber trafficking) का रूपमा विकसित भइरहेका सन्दर्भमा FWLD को यो कदम कानूनी प्रतिक्रिया मात्र होइन, सामाजिक चेतना निर्माणको उदाहरण हो ।

६. **तथ्याङ्कीय पारदर्शिता र सञ्चार सुदृढीकरण:** छैठौं सिफारिसमा उपलब्धि र प्रगति सरोकारवालासामु सरल र तथ्याङ्कीय रूपमा प्रस्तुत गर्न सुझाव दिइएको थियो । FWLD ले त्रैमासिक ई-बुलेटिन र वार्षिक प्रतिवेदन नियमित रूपमा वेबसाइटमा प्रकाशन गर्दै आएको छ । यो अभ्यासले "evidence-based advocacy" लाई सुदृढ पार्दै संस्थाको पारदर्शिता र विश्वसनीयता दुवै बढाएको छ । नेपालका धेरै संस्थाहरू अझै पनि तथ्यमा-आधारित नीति संवादमा कमजोर रहेका सन्दर्भमा FWLD को यस्तो अभ्यास संस्थागत उत्तरदायित्वको आदर्श मोडेल हो ।

७. **फैसला कार्यान्वयनमा सहयोग र संस्थागत समन्वय:** अन्तिम सिफारिसमा कानूनी सहायता प्राप्त व्यक्तिहरूका फैसलाको कार्यान्वयनमा निरन्तर सहयोग गर्न सुझाव दिइएको थियो । नेपालमा न्यायालयबाट फैसला भए पनि कार्यान्वयनमा ढिलाइ हुने समस्या दीर्घकालीन चुनौती हो। FWLD ले यसलाई सम्बोधन गर्न सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयसँग सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ (श्रावण २२, २०८२ देखि)। यो प्रयासले कानूनी सहयोगलाई न्यायको व्यवहारिक कार्यान्वयनमा रूपान्तरण गर्ने दिशामा नयाँ मार्ग खोल्दछ ।

यी सात सिफारिसहरूको कार्यान्वयनले FWLD लाई केवल एक कानूनी सहायता संस्था होइन, सामाजिक न्याय, लैङ्गिक समानता र संस्थागत उत्तरदायित्वको अग्रणी रूपमा प्रस्तुत गरेको छ । नेपालमा कानूनी समानता र न्यायमा पहुँच अझै चुनौतीपूर्ण रहेको सन्दर्भमा FWLD का यी अभ्यासहरूले "rights to reality" को दृष्टान्त स्थापित गरेका छन् - जहाँ न्याय केवल कागजमा होइन, व्यवहारमा अनुभूत हुन्छ ।

# १४. नेतृत्व र मानव स्रोत सुदृढीकरण: दक्षता, प्रेरणा र जिम्मेवारीको उत्कृष्ट अभ्यास

महिला, कानून र विकास मञ्च (FWLD) को संगठनात्मक संरचना (organizational structure) स्पष्ट र कार्य-उन्मुख रहेको सामाजिक लेखापरीक्षणको क्रममा देखियो । प्रत्येक कर्मचारीसँग स्पष्ट जिम्मेवारी (clear job description) र प्रत्यक्ष जवाफदेही (line management system) भएकोले संस्थाको कार्य सम्पादनमा पारदर्शिता र दक्षता सुनिश्चित भएको छ । नेतृत्व (leadership) स्तरबाट कर्मचारीहरूलाई निरन्तर प्रेरणा, सहकार्य र सिकाइका अवसरहरू उपलब्ध

गराइएको पाइयो, जसले कर्मचारीहरूबीच आपसी विश्वास, कार्यप्रेरणा र ownership भावना सुदृढ गरेको छ। नेपालका धेरै गैर-सरकारी संस्थाहरूमा नेतृत्व र कर्मचारीबीच दूरी रहने चुनौती देखिँदा, FWLD को यस्तो सहभागी नेतृत्व अभ्यास (participatory leadership practice) संस्थागत संस्कृतिको उत्कृष्ट नमूना हो ।

FWLD का अधिकांश कर्मचारीहरू कानूनी पृष्ठभूमिका (law background) भएका हुनाले तिनीहरूका बीचमा नीति, अधिकार, र लैङ्गिक न्यायका विषयमा गहिरो बुझाइ (contextual understanding) रहेको पाइयो । यस्ता दक्ष जनशक्तिले सामाजिक, विधिक, र नीतिगत मुद्दाहरूमा तत्काल प्रतिक्रिया र सहयोग पुऱ्याउने क्षमताको विकास गरेको छ । उदाहरणका लागि, नागरिकता, लैङ्गिक हिंसा, र मानव बेचबिखनजस्ता संवेदनशील मुद्दामा तत्काल कानूनी सल्लाह र पैरवी (legal intervention) गर्न सक्ने तयारी FWLD का जनशक्तिको विशेषता हो । नेपालमा कानूनी ज्ञान र सामाजिक संवेदनशीलता दुवै आवश्यक हुने सन्दर्भमा, FWLD को यो मिश्रित दक्षता (legal and social competence) संस्थाको मुख्य पूँजी (institutional asset) बनेको छ ।

संस्थाभित्र नियमित (learning sharing mechanisms) र अनुभव आदान-प्रदानका अवसरहरू (peer learning opportunities) रहेको पाइयो, जसले कर्मचारीहरूको व्यक्तिगत र व्यावसायिक क्षमता विकासमा योगदान गरेको छ । यस्ता अभ्यासहरूले कर्मचारीहरूलाई संस्थाको उद्देश्य - न्यायमा पहुँच, लैङ्गिक समानता र विधिक सशक्तिकरणसँग गहिरो सम्बन्ध स्थापित गर्न प्रेरित गरेको छ । नेपालमा मानव स्रोत व्यवस्थापन अझै पनि चुनौतीपूर्ण मानिँदा, FWLD को यस्तो नेतृत्व-केन्द्रित र सिकाइ-उन्मुख दृष्टिकोणले संस्थालाई दीर्घकालीन रूपमा आत्मनिर्भर, नवीन र परिणाममुखी बनाउने सम्भावना उच्च छ । यसरी, FWLD ले मानव स्रोतलाई केवल कर्मचारी का रूपमा होइन, संस्थाको मिशन-वाहक (mission enablers) का रूपमा मूल्याङ्कन गरेको स्पष्ट देखिन्छ ।

# १५. अन्य सरोकारवालाहरूबाट प्रतिकृया तथा सुझाव

सामाजिक लेखापरीक्षणका निष्कर्षहरूको प्रस्तुतीपछि आयोजित अन्तर्क्रिया कार्यक्रममा सहभागी भएका राज्य तथा गैर-राज्य सरोकारवालाहरूबाट FWLD को कार्यक्षमता, पारदर्शिता र प्रभावकारिताबारे आफना विचारहरु लिखित रुपमा राखिएको थियो । सहभागीहरूले आफनो नाम र संस्थागत पहिचान उल्लेख नगिरएकोले यहाँ प्रस्तुत उनीहरूको प्रतिकृयाहरुमा यो विवरण समावेश छैन । सरोकारवालाहरूले संस्थाको सामाजिक उत्तरदायित्व (social accountability), कानूनी पहुँच (legal empowerment), र लैङ्गिक न्याय (gender justice) का क्षेत्रमा FWLD ले पुऱ्याएको योगदानलाई उच्च मूल्याङ्कन गरेका छन् । साथै, सामाजिक लेखापरीक्षण प्रक्रियाले संस्थाको विश्वसनीयता, पारदर्शिता र साझेदारी क्षमतामा थप विश्वास जगाएको उनीहरूको टिप्पणीबाट स्पष्ट हुन्छ ।

सामाजिक लेखापरीक्षणको क्रममा सहभागी सरोकारवालाहरूले महिला, कानून र विकास मञ्च (FWLD) प्रति उच्च सम्मान र विश्वास व्यक्त गरेका छन् । संस्थाले लैङ्गिक समानता, नागरिकता अधिकार र मानवअधिकारका क्षेत्रमा निरन्तर कानूनी पहल गर्दै आएको प्रशंसा गरिएको छ । सहभागीहरुको भनाइमा, FWLD को कामले समुदायमा दीर्घकालीन सकारात्मक प्रभाव पारेको छ । **“FWLD ले विगतका वर्षहरुमा गरेका उपलब्धिहरु प्रभावशाली छन्, र अहिले झनै सबल रूपमा अघि बढ्दैछ । नागरिकता अधिकारप्रति तपाईंहरूको गम्भीरता देख्दा खुशी लाग्यो।”** यो भनाइले संस्थाले संवेदनशील कानूनी विषयमा जनविश्वास जित्न सफल भएको प्रमाण दिन्छ।

नेपालमा हालको सामाजिक-राजनीतिक परिवेश जटिल छ । संविधान कार्यान्वयन, संघीय संरचनाको अभ्यास, र महिलाको पहिचान तथा नागरिकताको अधिकारमा विभिन्न चुनौतीहरु छन्। यस सन्दर्भमा, सहभागीहरूले FWLD को निरन्तर पैरवीलाई अत्यावश्यक मानेका छन्। **“महिलामाथिको हिंसा, विभेद र नागरिकता सम्बन्धी विषयमा अझ स्थायी कानूनी संरचना बनाउन आवश्यक देखिन्छ।”** यो अभिव्यक्तिले नीति-स्तरमा प्रभाव पार्ने संस्थाको प्रयासलाई थप मजबुत बनाउन प्रेरणा दिएको देखिन्छ।

पारदर्शिता र उत्तरदायित्वको दृष्टिकोणले FWLD को सामाजिक लेखापरीक्षणलाई अन्य संस्थाका लागि उदाहरणीय अभ्यासको रूपमा प्रस्तुत गरिएको छ । सहभागीहरूले रिपोर्टको गहिरो विश्लेषण र प्रमाणमा आधारित निष्कर्षको सराहना गरेका छन्। **"FWLD ले प्रस्तुत गरेको सामाजिक लेखापरीक्षण अत्यन्तै विश्लेषणात्मक र तथ्यमा आधारित छ । यसले हामी जस्ता अन्य संस्थालाई पनि यस्ता पारदर्शी अभ्यासहरू अपनाउन प्रेरणा दिएको छ।"** यसरी पारदर्शी प्रक्रियाले संस्थाको विश्वसनीयता मात्र होइन, समग्र NGO क्षेत्रमै एक सकारात्मक सन्देश प्रवाह गरेको देखिन्छ।

त्यसैगरी, सहभागीहरूले सामाजिक लेखापरीक्षणमा तथ्यहरूको सन्तुलित प्रस्तुतीकरणलाई संस्थाको बलका रूपमा औंल्याएका छन्। **"तथ्य र अनुभव दुबै प्रस्तुत गरिएको रिपोर्ट पढ्दा संस्थाको आत्ममूल्याङ्कनको गहिराइ देखिन्छ।"** यो अभिव्यक्तिले FWLD को आन्तरिक प्रतिबद्धता र आत्मसमालोचनाको संस्कृतिलाई झल्काउँछ, जुन नेपालका अधिकांश गैरसरकारी संस्थामा अझै विकासोन्मुख पक्ष हो ।

तर, केही सहभागीहरूले रिपोर्टमा थप सुधारका सुझाव पनि दिएका छन्। विशेषगरी, वित्तीय विवरण र अडिटरको स्वतन्त्रताको विषयमा थप पारदर्शिता अपेक्षा गरिएको छ । **"यद्यपि, बजेटको विस्तृत पृष्ठभूमि पनि प्रस्तुत गरिएको भए, यो रिपोर्ट अझ पारदर्शी र सन्तुलित हुने थियो।" – Journalist Participant)** । साथै, **"सामाजिक अडिटरलाई रिपोर्ट तयार गर्ने र प्रस्तुत गर्ने पूर्ण स्वतन्त्रता दिइनु जरुरी छ, जसले रिपोर्टलाई अझ निष्पक्ष र विश्वसनीय बनाउँछ।"** । यी सुझावहरूले आगामी सामाजिक लेखापरीक्षणहरूलाई अझ सुदृढ, विश्वसनीय र उत्तरदायी बनाउन सहयोग पुऱ्याउने देखिन्छ।

सामाजिक लेखापरीक्षणमा सहभागीहरूले FWLD को संगठनात्मक क्षमताको पनि प्रशंसा गरेका छन्। **"यहाँको नेतृत्वले कर्मचारीहरूलाई निरन्तर सिकाइमा राख्ने र मोटिभेट गर्ने वातावरण सिर्जना गरेको रहेछ।"** यस्तो प्रेरणादायी नेतृत्वले संस्थाको स्थायित्व सुनिश्चित गर्छ । अर्को सहभागीको भनाइमा, **"कानूनी पृष्ठभूमिका कारण FWLD का अधिकांश कर्मचारीहरूले जटिल मुद्दा तुरुन्त बुझ्न र समाधान सुरु गर्न सक्ने क्षमता राख्छन्।"** यी कथनहरूले FWLD को मानव स्रोत र प्राविधिक क्षमताले संस्थालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सक्षम बनाएको पुष्टि गर्छ।

साथै, संस्थामा स्पष्ट job description र line management प्रणालीले कार्य प्रवाहलाई व्यवस्थित बनाएको पाइयो। **"यहाँ सबैले आफ्नो भूमिका स्पष्ट रूपमा बुझ्छन्, जसले कामलाई सरल र छरितो बनाएको छ।"** यसले संस्थाको कार्यसंस्कृतिमा पारदर्शिता र उत्तरदायित्वलाई सुदृढ बनाएको छ । कर्मचारीबीचको आपसी सहयोग र ज्ञान-साझेदारी (learning sharing) को अभ्यासले संस्थालाई निरन्तर सुधारोन्मुख बनाएको छ ।

अन्ततः, सहभागीहरूले FWLD को outreach र community engagement लाई अझ विस्तार गर्न सुझाव दिएका छन्। **"FWLD का प्रभावकारी कामहरू राजधानीमा मात्र सीमित नभई स्थानीय तहमा पनि व्यापक रूपमा जानकारी गरिनुपर्छ।"** यस्तो सुझावले संस्थाको पहुँच ग्रामीण क्षेत्रमा विस्तार गर्न र कानूनी सचेतना (legal awareness) का पहलहरूलाई आधारस्तरमा बलियो बनाउने दिशामा संकेत गर्छ । यसले नेपालको संघीय सन्दर्भमा कानूनी पहुँच र न्यायका अधिकारहरू सुदृढ गर्ने अवसर प्रदान गर्छ ।

# १६. मूख्य सिफारिसहरू (Recommendations)

सामाजिक लेखा परीक्षणका नतिजा, सहभागीहरूको विचार र FWLD को दृष्टि - 'न्यायपूर्ण र लैङ्गिक समानतामा आधारित समाज निर्माण' लाई जोडेर हेर्दा, संस्था नेपालकै कानूनी सुधार, मानवअधिकार र सामाजिक न्यायका क्षेत्रमा अग्रणी भूमिकामा रहेको देखिन्छ । तथापि, हालको आर्थिक अनिश्चितता, राजनीतिक अस्थिरता, र दातृ निकायहरूको वित्तीय कटौती (जस्तै सन् २०२५ जनवरीमा अमेरिकाबाट सहयोग घट्ने सम्भावना) का कारण संस्थागत स्थायित्व र कार्यान्वयन रणनीतिमा थप चुनौतीहरू देखिन्छन् । यस्तो सन्दर्भमा, FWLD ले आन्तरिक सशक्तिकरण, साझेदारी विस्तार, पारदर्शिता, र नीति-स्तरका पहलमा जोड दिन आवश्यक छ। तलका सिफारिसहरू त्यसै सन्दर्भमा केन्द्रित छन्:

**१. नागरिकता अधिकारका मुद्दामा दीर्घकालीन (strategic) कानुनी पहल र नीति-संवादलाई प्राथमिकता दिनु:**

सामाजिक परीक्षणका निष्कर्षहरूले देखाउँछ कि FWLD ले नागरिकता अधिकारका विषयमा उल्लेखनीय प्रगति गरेको छ, तर अझै पनि जटिल कानुनी चुनौतीहरू बाँकी छन् । सहभागीहरू भन्छन्, 'हामी आशा गर्छौं FWLD नागरिकताको सवालमा अझ गम्भीर बन्नेछ । प्रस्तुत नतिजा नै सफलताको प्रमाण हो, तर अझै पनि धेरै नागरिक समस्यामा अल्झिएका छन्, कृपया हाम्रो मुद्दामा पहल गर्नुहोस् ।' यस भनाइले देखाउँछ कि सरोकारवालाहरूमा FWLD माथिको विश्वास बलियो छ, र तिनले कानुनी सुधारका क्षेत्रमा नेतृत्वको अपेक्षा गरेका छन् । त्यसैले, संस्थाले अब नीति संवाद (policy dialogue) र कानुनी संशोधनको दिशा (law reform track) मा दीर्घकालीन योजना बनाउनुपर्छ, जसले नागरिकता सम्बन्धी समानता (citizenship equality) र लैङ्गिक न्याय (gender justice) लाई सुदृढ पार्नेछ ।

**२. लैङ्गिक असमानता अन्त्यका लागि विद्यमान कानुन संशोधनमा थप पहल**

सामाजिक परीक्षणका दौरान, कानुनी स्थायित्व र लैङ्गिक समानताका विषयहरूलाई प्रमुख चुनौतीका रूपमा पहिचान गरिएको थियो । सरोकारवालाहरू भन्छन्, 'महिलामाथि हुने हिंसा, भेदभाव र नागरिकताको नाममा हुने अन्याय अन्त्य गर्नका लागि हालका कानुनहरूमा संशोधन गर्न अझै धेरै प्रयास आवश्यक छ ।' यो भनाइले संस्थाको नीति-स्तरमा Intervention (policy advocacy) बढाउनुपर्ने आवश्यकता औंल्याउँछ । FWLD ले आफ्नो कानुनी दक्षता, अनुसन्धान र तथ्य-आधारित प्रमाण (evidence-based advocacy) लाई प्रयोग गरी सरकारले अघि सारेका नीति सुधार (legal amendment) प्रक्रियामा सार्थक योगदान दिनुपर्छ । यसले FWLD लाई राष्ट्रिय कानुनी सुधारका विश्वसनीय साझेदारको रूपमा स्थापित गर्नेछ ।

**३. सामाजिक परीक्षणलाई संस्थागत अभ्यास (institutional practice) बनाउँदै पारदर्शिता र जवाफदेहितालाई बलियो पार्ने**

FWLD ले सामाजिक परीक्षणमार्फत उत्कृष्ट पारदर्शिता (transparency) र जवाफदेहिता (accountability) प्रदर्शन गरेको तथ्य निष्कर्षमा स्पष्ट छ । सरोकारवालाहरू भन्छन्, 'सामाजिक परीक्षणको विस्तृत प्रतिवेदन प्रभावकारी र अनुकरणीय थियो, यसले अरू संस्थालाई पनि त्यस्तै अभ्यास गर्न प्रेरित गरेको छ ।' यस सकारात्मक प्रतिक्रियाले देखाउँछ कि FWLD को पारदर्शी दृष्टिकोणले सरोकारवालाहरूबीच विश्वासको वातावरण सिर्जना गरेको छ । आगामी दिनमा संस्थाले सामाजिक परीक्षणलाई वार्षिक अनिवार्य प्रणाली (annual institutional system) का रूपमा विकास गरी आफ्ना साझेदार र लाभग्राहीहरूसँग नियमित प्रतिवेदन आदान-प्रदान गर्नुपर्छ ।

**४. सहकार्य सञ्जाल (network collaboration) लाई प्रयोग गरी परियोजना कार्यान्वयनलाई अझ प्रभावकारी बनाउने**

FWLD को बलियो राष्ट्रिय-अन्तर्राष्ट्रिय सञ्जाल, दातृ निकाय र साझेदारहरूको समन्वयमा आधारित कार्यशैली संस्थाको मुख्य शक्ति हो । सहभागीहरू भन्छन्, 'FWLD ले आफ्नो कार्यक्षेत्र फराकिलो बनाएको छ र पीडितका मागहरू घटाएर देशभर काम विस्तार गरेको छ, यो प्रशंसनीय छ ।' यस्तो सञ्जाल र साझेदारीले परियोजना कार्यान्वयनलाई दिगो र परिणाममुखी बनाएको छ । यसका लागि भविष्यमा संस्थाले सहकार्य साझेदारीबाट स्रोत परिचालन (resource mobilization) र नीतिगत संवादमा संयुक्त प्रभाव (collective influence) सिर्जना गर्ने दिशामा काम गर्नुपर्छ ।

**५. दातृ निकायसँगको समन्वयमा स्थायित्व (sustainability) सुनिश्चित गर्ने रणनीति**

२०२५ जनवरीमा भएको अमेरिकी कोष कटौती (US fund cut) को प्रभाव नेपालका धेरै नागरिक समाज संस्थामा देखिएको थियो । FWLD ले भने आफ्ना कार्यक्रम आन्तरिक स्रोत प्रयोग गरी निरन्तर सञ्चालन गरेर उदाहरण पेश गरेको छ । सहभागीहरू भन्छन्, 'USAID/Winrock बाट कार्यक्रम रोकिए पनि FWLD ले आफ्नै स्रोतबाट निरन्तरता दिएको देख्दा गर्व लाग्छ ।' यसले FWLD को वित्तीय आत्मनिर्भरता (financial resilience) र संस्थागत प्रतिबद्धता प्रमाणित गर्छ । संस्थाले यस्तो अभ्यासलाई दीर्घकालीन रणनीतिका रूपमा अंगाल्दै वैकल्पिक स्रोत

व्यवस्थापन (alternative funding mechanism) र साझेदारी विविधीकरण (donor diversification) मा ध्यान दिनुपर्छ ।

### ६. कानुनी सक्षमता (legal capacity) र जनस्तरमा अधिकार सचेतना (awareness) विस्तार

FWLD का अधिकांश कर्मचारीहरु कानुनी पृष्ठभूमिका भएकाले उनीहरुले सन्दर्भ, मुद्दा र Intervention का क्षेत्रहरु प्रभावकारी तवरले बुझ्ने क्षमता राख्छन् । सामाजिक परीक्षणका क्रममा सहभागीहरुले FWLD को दक्षता र शीघ्र प्रतिक्रिया प्रणालीको प्रशंसा गरे। उनीहरु भन्छन्, 'FWLD का कर्मचारीहरु पेशागत रुपमा बलिया छन्, तिनीहरुले तुरुन्तै मुद्दा बुझेर समर्थन गर्न सक्ने क्षमता देखाएका छन्।' त्यसैले, संस्थाले यो क्षमतालाई समुदाय-स्तरमा लैजाने गरी कानुनी साक्षरता (legal literacy) र अधिकार सचेतना कार्यक्रम विस्तार गर्नुपर्छ, जसले संस्थाको प्रभावलाई राष्ट्रिय स्तरमा अझ सुदृढ पार्नेछ ।

### ७. सरोकारवालासँग प्रत्यक्ष संवादका माध्यमहरु विस्तार

सामाजिक परीक्षणका निष्कर्षहरु ईमेलमार्फत अग्रिम पठाइने र प्रत्यक्ष प्रश्नोत्तरको अवसर उपलब्ध गराइने हो भने सहभागीता अझ सघन हुनेछ भन्ने केही सरोकारवालाहरुको प्रतिक्रिया रहेको छ । सरोकारवालाहरु भन्छन्, 'यदि निष्कर्षहरु कार्यक्रम अघि नै ईमेलमार्फत पठाइएको भए, छलफल अझ प्रभावकारी हुन्थ्यो।' यस सिफारिसले देखाउँछ कि FWLD ले सरोकारवालासँग प्रत्यक्ष र समयमै संवादका माध्यमहरु विस्तार गर्नुपर्छ - जस्तै, नियमित (briefing notes), डिजिटल प्लेटफर्म र stakeholder dialogue कार्यक्रमहरु - जसले संस्थाको जवाफदेहिता र पहुँच (outreach) दुवै बढाउनेछ ।

# १०. विकास साझेदारहरु

महिला, कानुन र विकास मञ्च (FWLD) को आर्थिक बर्ष ०८१/८२ मा साझेदार संस्थाहरु निम्नानुसार रहेका छन् ।

- UNHCR
- UN Women
- Australian Embassy
- Winrock International
- CAC Nepal
- Equality Now
- UNICEF
- US Embassy
- Amplify Change
- The Asia Foundation
- Ipas Nepal
- Center for Reproductive Rights

# अनुसूची १ : सामाजिक परिक्षणमा उपस्थित सहभागीहरुको विवरण

महिला, कानुन र विकास मञ्च (FWLD) ले आर्थिक वर्ष ०८१/८२ मा सञ्चालन गरिएका कार्यक्रम, परियोजना र अभ्यासहरुको सामाजिक परीक्षण

आश्विन २९, २०८२ - साप फाल्चा

काठमाडौं

सहभागी नामदर्ता

| S.N (क्रम) | Name (नाम) | Age (Yr) उमेर (वर्ष) | Gender (लिङ्ग) Male (पुरुष) | Female (महिला) | G. & S.M. (यौ. लै. अ.) | Caste/Ethnicity (जात-जाति) Dalit (दलित) | Madhesi (मधेशी) | Janajati (जनजाति) | Brahmin/Chhet | Other (अन्य) | Disability (अपाङ्गता) (Yes/No or Y/N) | Position (पद) | Organization and Address (संस्था र ठेगाना) | Contact (Email and Phone) (सम्पर्क) (इमेल र फोन) | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | डिल्लीलाल तण्डुकार | | | | [illegible] | | No | | | | | का.म.पा. ११९६ अध्यक्ष | का.म.पा. अध्यक्ष | | [signature] |
| 2 | धर्मराज महर्जन | | ✓ | | | | | | | | | वडा सचिव | का.म.पा. ११ वडा कार्यालय | [redacted] | [signature] |
| 3 | मीरा घिमिरे | | | ✓ | | | | | | | | [illegible] | का.म.न.पा. ११ वडा | [redacted] | [signature] |
| 4 | हसिता प्रधान | | | ✓ | | | | | | | | Advocate | FWLD Member | [redacted] | [signature] |
| 5 | रविन्द्र क्षेत्री | | ✓ | | | | | | | | | Asst Director | SWC | [redacted] | [signature] |
| 6 | आनन्द थापा | | ✓ | | | | | | | | | " | " | [redacted] | [signature] |

| S.N (क्रम) | Name (नाम) | Age (Yr) उमेर (वर्ष) | Gender (लिङ्ग) Male (पुरुष) | Female (महिला) | G. & S.M. (यौ. लै. अ.) | Caste/Ethnicity (जात-जाति) Dalit (दलित) | Madhesi (मधेशी) | Janajati (जनजाति) | Brahmin/Chhet | Other (अन्य) | Disability (अपाङ्गता) (Yes/No or Y/N) | Position (पद) | Organization and Address (संस्था र ठेगाना) | Contact (Email and Phone) (सम्पर्क) (इमेल र फोन) | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | Ram Kumar Kamat | 57 | ✓ | | | | | | | Madhesi ✓ | | B. Chief | THT | kamatrkumar@gmail.com | R.K. Kamat |
| 8 | Reema Shah | 68 | | ✓ | | | | | | | | Supreme Court Adv. | | rs@hotmail.com | [signature] |
| 9 | MIRA UPRETY | 52 | | ✓ | | | | | | | | ADVOCATE | ABHILEKH Law chamber | mirauprety@hotmail.com | [signature] |
| 10 | Pandevi Maharjan (Sujana) | 46 | | ✓ | | | | | | | | Advocate | S.C.Bar | adupandevimaharjan@gmail.com | [signature] |
| 11 | Kamala Panthi | | | ✓ | | | | | | | | President | Samahit | panthikamala@gmail.com | [signature] |
| 12 | Ar. Deela Shrestha Dangol | | | ✓ | | | | ✓ | | | No | HOD | Ipas Nepal | dangold@ipas.org | [signature] |
| 13 | Laxmi Pokharel | | | ✓ | | | | | | | | Secretary FWLD | FWLD | advlaxmipokharel@gmail.com | [signature] |
| 14 | Seema Dhami | | | ✓ | | | | | ✓ | | | Member FWLD | FWLD | seemalaw@gmail.com | [signature] |

| S.N (क्रम) | Name (नाम) | Age (Yr) उमेर (वर्ष) | Gender (लिङ्ग) Male (पुरुष) | Female (महिला) | G. & S.M. (यौ. लै. अ.) | Caste/Ethnicity (जात-जाति) Dalit (दलित) | Madhesi (मधेशी) | Janajati (जनजाति) | Brahmin/Chhet | Other (अन्य) | Disability (अपाङ्गता) (Yes/No or Y/N) | Position (पद) | Organization and Address (संस्था र ठेगाना) | Contact (Email and Phone) (सम्पर्क) (इमेल र फोन) | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 15 | Sunil Shrestha | 57 | ✓ | | | | | ✓ | | | No | Treasurer | SMNF Nepal | sunilyala@gmail.com | [signature] |
| 16 | Pranath Basnett | 31 | ✓ | | | | | | ✓ | | No | M&E Officer | Community Action Centre-Nepal (AC-Nepal) | program.cacnepal@gmail.com | [signature] |
| 17 | Sarita Shrestha | 56 | | ✓ | | | | ✓ | | | No | Advocacy Officer | NFWLHA | sarita.nfwlha@gmail.com | [signature] |
| 18 | Shusma Giri | 41 | | ✓ | | | | | ✓ | | No | member | FWLD | write2shusma@gmail.com | [signature] |
| 19 | Ad. pramila Neupane | 38 | | ✓ | | | | | ✓ | | No | Member | FWLD | luckyaapchal@gmail.com | [signature] |
| 20 | अधिवक्ता नविन कुमार सिंह | 4 | ✓ | | | | | ✓ | | | No | कोषाध्यक्ष | FWLD | nabin2033@gmail.com | [signature] |
| 21 | K. P. UPADHYAY | 64 | ✓ | | | | | | ✓ | | No | Sr Advisor | MARIE STOPES (WTA) | [illegible] | [signature] |
| 22 | Binu Lama | | | ✓ | | | | ✓ | | | No | PM Advocate | FWLD | binulama@fwld.org | [signature] |

| S.N (क्रम) | Name (नाम) | Age (Yr) उमेर (वर्ष) | Gender (लिङ्ग) Male (पुरुष) | Female (महिला) | G. & S.M. (यौ. मै. अ.) | Caste/Ethnicity (जात-जाति) Dalit (दलित) | Madhesi (मधेसी) | Janajati (जनजाति) | Brahmin/Chhet | Other (अन्य) | Disability (अपाङ्गता) (Yes/No or Y/N) | Position (पद) | Organization and Address (संस्था र ठेगाना) | Contact (Email and Phone) (सम्पर्क) (इमेल र फोन) | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 23 | Yasomati Pariyar | 45 | | ✓ | | ✓ | | | | | | कोष सदस्य | का.म.पा. ११ | [illegible] | |
| 24 | Rohan Das | 24 | ✓ | | | | ✓ | | | | | Member | Yuwa | rohand798@gmail.com | |
| 25 | Sadik Siddiki | 25 | ✓ | | | | ✓ | | | | – | Executive Board | YUWA [illegible] | sadik@yuwanepal.org | |
| 26 | Didiksa Singh | | | ✓ | | | | | ✓ | | – | P.O. | FWLD | didiksa@fwld.org | |
| 27 | Smriti Moktan | | | ✓ | | | | ✓ | | | | MEAL | FWLD | smriti@fwld.org | |
| 28 | Sajani K.C. | | | ✓ | | | | | ✓ | | – | AM | FWLD | sajani@fwld.org | |
| 29 | Kiran Kunwar | | | ✓ | | | | | ✓ | | | MEAL | FWLD | kiran@fwld.org | |
| 30 | Deepa Adhikari | | | ✓ | | | | | | | | Finance | FWLD | deepa@fwld.org | |

| S.N (क्रम) | Name (नाम) | Age (Yr) उमेर (वर्ष) | Gender (लिङ्ग) Male (पुरुष) | Female (महिला) | G. & S.M. (यौ. मै. अ.) | Caste/Ethnicity (जात-जाति) Dalit (दलित) | Madhesi (मधेसी) | Janajati (जनजाति) | Brahmin/Chhet | Other (अन्य) | Disability (अपाङ्गता) (Yes/No or Y/N) | Position (पद) | Organization and Address (संस्था र ठेगाना) | Contact (Email and Phone) (सम्पर्क) (इमेल र फोन) | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 31 | Santosh Chaudhary | | ✓ | | | | | ✓ | | | No | MEAL Officer | FWLD | s.chaudhary@fwld.org | |
| 32 | Jeevan Sharma | | | | | | | | | | | | Advocate | purupusha@gmail | |
| 33 | Amika Rajthala | | | ✓ | | | | ✓ | | | | | DJN | amirajn@gmail.com | |
| 34 | Asha Shrestha Rauniyar | | | | | | | | | | | ward Member | 11 ward | ashashrestha600@yahoo.com | |
| 35 | Sabana Bista | | | ✓ | | | | | | | | ME-Coord | FWLD | [illegible] | |
| 36 | Daya Sagar Dahal | | ✓ | | | | | | | | | FO | FWLD | [illegible] | |
| 37 | Rojina Shrestha | | | ✓ | | | | ✓ | | | X | PM | FWLD | rojina@fwld.org | |
| 38 | Uma [illegible] | | | ✓ | | | | | | | | LO | [illegible] | [illegible] | |

| S.N (क्रम) | Name (नाम) | Age (Yr) उमेर (वर्ष) | Gender (लिङ्ग) Male (पुरुष) | Female (महिला) | G. & S.M. (यौ. मै. अ.) | Caste/Ethnicity (जात-जाति) Dalit (दलित) | Madhesi (मधेसी) | Janajati (जनजाति) | Brahmin/Chhet | Other (अन्य) | Disability (अपाङ्गता) (Yes/No or Y/N) | Position (पद) | Organization and Address (संस्था र ठेगाना) | Contact (Email and Phone) (सम्पर्क) (इमेल र फोन) | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 39 | अञ्जना न्यौपाने | 44 | | ✓ | | | | | ✓ | | | Advocate | FWLD (General member) | anjanaaneupane@gmail.com | Anjana |
| 40 | पुष्पा पौडेल | 42 | | ✓ | | | | | ✓ | | | Adv. | FWLD Board member | pushpajee86@g | |
| 41 | विकाश गिरि | 48 | ✓ | | | | | | | दशनामी | | Advocate | FWLD (General member) | bikash_giri99@yahoo.com | |
| 42 | सरस्वती श्रेष्ठ | 52 | | ✓ | | | | ✓ | | | | " | " | saraswoti_s@yahoo.com | |
| 43 | सञ्जना श्रेष्ठ | 40 | | ✓ | | | | ✓ | | | X | अध्यक्ष | इनसेक | sanjana@insec.org.np | |
| 44 | माधवी बज्राचार्य | | | ✓ | | | | ✓ | | | – | – | Freelancer | [illegible] | |
| 45 | शैलेश्वरी बेहरा | | | ✓ | | | | | ✓ | | | DSP | Nepal Police | shaileswori66@gmail.com | |
| 46 | धीरज अर्याल | | ✓ | | | | | | ✓ | | | BM | FPAN | [illegible] | |

| S.N (क्रम) | Name (नाम) | Age (Yr) उमेर (वर्ष) | Gender (लिङ्ग): Male (पुरुष) | Female (महिला) | G. & S.M. (यौ.लै.अ.) | Caste/Ethnicity (जात-जाति): Dalit (दलित) | Madhesi (मधेशी) | Janajati (जनजाति) | Brahmin/Chhet | Other (अन्य) | Disability (अपाङ्गता) (Yes/No or Y/N) | Position (पद) | Organization and Address (संस्था र ठेगाना) | Contact (Email and Phone) (सम्पर्क) (इमेल र फोन) | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 47 | जय लक्ष्मी बाडे | | | | | | | | | | | Member | | baderajmala.Jayalaxmi@yahoo.com | |
| 48 | Asabi Paudyal (Radio) | | | – | | | | | | | | media | | asabi.paudyal@gmail.com | |
| 49 | दिपेश लिम्बु | 29 | ✓ | | | | | ✓ | | | – | Program coordinator | Visible Impact, Basundhara | dipesh.limbu@visim.org | |
| 50 | Shitashma Ale | 25 | | ✓ | | | | ✓ | | | | Visitor | – | shitashmaale567@gmail.com [illegible] | |
| 51 | Binod Chandra Devkota | | | | | | | | | | | | | [illegible] | |
| 52 | Bal Bdr Kunwar | | | | | | | | | | | | | [illegible] | |
| 53 | Santosh Poudel | 50 | ✓ | | | | | | ✓ | | | F.M | FWLD | [illegible] | |
| 54 | Bimala Khadka | 50 | | | | | | | ✓ | | | Mahalaxmi 4th Member | | [illegible] | |

| S.N (क्रम) | Name (नाम) | Age (Yr) उमेर (वर्ष) | Gender (लिङ्ग): Male (पुरुष) | Female (महिला) | G. & S.M. (यौ.लै.अ.) | Caste/Ethnicity (जात-जाति): Dalit (दलित) | Madhesi (मधेशी) | Janajati (जनजाति) | Brahmin/Chhet | Other (अन्य) | Disability (अपाङ्गता) (Yes/No or Y/N) | Position (पद) | Organization and Address (संस्था र ठेगाना) | Contact (Email and Phone) (सम्पर्क) (इमेल र फोन) | Signature (हस्ताक्षर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 55 | शर्मिला खड्का | 40 | | ✓ | | | | | ✓ | | | अध्यक्ष | स्वावलम्बन [illegible] | [illegible] | |
| 56 | नर बहादुर भण्डारी | 30 | ✓ | | | | | | | | | MHC | Nepal police | [illegible] | |
| 57 | Rachana Subedi | | | ✓ | | | | | ✓ | | | FO | FWLD | rachana@fwld.org | |
| 58 | Meera Dhungana | | | | | | | | | | | | FWLD | meera@fwld.org | Meera |
| 59 | Deepesh Shrestha | | ✓ | | | | | ✓ | | | | PM | FWLD | deepesh@fwld.org [illegible] | |
| 60 | Sushama Gautam | | | ✓ | | | | | ✓ | | | | FWLD | [illegible] | |
| 61. | ~~Purushottam Mishra~~ | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

# अनुसूची २ : सामाजिक परिक्षणका क्रममा लिईएका फोटोहरु





















# अनुसूची ३ : आर्थिक बर्ष ०८१/८२ को बजेट र खर्च विवरण

महिला कानुन र विकास मञ्च (FWLD) मा आर्थिक बर्ष ०८१/८२ मा विभिन्न साझेदार संस्थाहरु प्राप्त भएका सहयोगहरु र सो सहयोगको विषयगत खर्च विवरण निम्नानुसार रहेका छन् ।

| क्र.सं. | विषय | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | प्रशासनिक खर्च | ५,८३०,००० ।०० | ५,७७३,९४४ ।९७ | ९९.०४ |
| २. | तलब भत्ता खर्च | २३,२७५,००० ।०० | २३,१३१,३८२ ।१५ | ९९.३८ |
| ३. | कार्यक्रम खर्च | ९८,५५०,००० ।०० | ९८,५५२,३३७ ।५० | १००.०० |
| | **जम्मा** | **१२७,६५५,००० ।००** | **१२७,४५७,६६४ ।६२** | **९९.८५** |

महिला कानुन र विकास मञ्च (FWLD) को आर्थिक बर्ष ०८१/८२ मा विभिन्न परियोजना अन्तरगत निम्नानुसार सहयोग प्राप्त भएको र सोको खर्च विवरण संस्थाको लेखा तथा प्रशासन शाखाको तथ्यांक अनुसार सम्वन्धित विकाश साझेदार वा दातृ निकाय तथा संस्थागत कार्य क्षेत्रका आधार निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं. | कार्यक्रम | विवरण | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | कानुनी पहिचान | प्रशासनिक | १,६००,००० ।०० | १,५८३,६१६ ।३२ | ९८.९८ |
| | | तलब भत्ता खर्च | ७,१००,००० ।०० | ७,०७८,१६४ ।५७ | ९९.६९ |
| | | कार्यक्रम खर्च | ३१,८००,००० ।०० | ३१,८०८,६७३ ।६५ | १००.०३ |
| | | **जम्मा** | **४०,५००,००० ।००** | **४०,४७०,४५४ ।५५** | **९९.९३** |
| क्र.सं. | कार्यक्रम | विवरण | बजेट | खर्च | प्रतिशत |
| २. | लैङ्गिक तथा यौनिक हिंसा विरुद्ध | प्रशासनिक | २,०३०,००० ।०० | २,०२८,६०७ ।२३ | ९९.९३ |
| | | तलब भत्ता खर्च | ९,०००,००० ।०० | ८,९७५,०८३ ।६५ | ९९.७२ |
| | | कार्यक्रम खर्च | ४१,१००,००० ।०० | ४१,०७२,१०३ ।०४ | ९९.९३ |
| | | **जम्मा** | **५२,१३०,००० ।००** | **५२,०७५,७९३ ।९३** | **९९.९०** |
| क्र.सं. | कार्यक्रम | विवरण | बजेट | खर्च | प्रतिशत |
| ३. | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार | प्रशासनिक | १,०५०,००० ।०० | १,०४२,२९१ ।१६ | ९९.२७ |
| | | तलब भत्ता खर्च | ४,३२५,००० ।०० | ४,२७६,०४० ।२३ | ९८.८७ |
| | | कार्यक्रम खर्च | १५,०५०,००० ।०० | १५,०५५,०९२ ।६६ | १००.०३ |
| | | **जम्मा** | **२०,४२५,००० ।००** | **२०,३७३,४२४ ।०५** | **९९.७५** |

| क्र.सं. | कार्यक्रम | विवरण | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| ४. | मानव बेचबिखन तथा ओसार पसार विरुद्ध | प्रशासनिक | - | - | - |
| | | तलब भत्ता खर्च | ५००,००० ।०० | ४,८१,४६३ ।८० | ९६.२९ |
| | | कार्यक्रम खर्च | १,३५०,००० ।०० | १,३५२,४९१ ।४७ | १००.१८ |
| | | **जम्मा** | **१,८५०,००० ।००** | **१,८३३,९५५ ।२७** | **९९.१३** |
| **क्र.सं.** | **कार्यक्रम** | **विवरण** | **बजेट** | **खर्च** | **प्रतिशत** |
| ५. | बाल अधिकार | प्रशासनिक | ४००,००० ।०० | ३७८,२३४ ।८६ | ९४.५६ |
| | | तलब भत्ता खर्च | ८५०,००० ।०० | ८३९,६५४ ।८१ | ९८.७८ |
| | | कार्यक्रम खर्च | ४,८००,००० ।०० | ४,७९७,८४० ।२१ | ९९.९६ |
| | | **जम्मा** | **६,०५०,००० ।००** | **६,०१५,७२९ ।८८** | **९९.४३** |
| **क्र.सं.** | **कार्यक्रम** | **विवरण** | **बजेट** | **खर्च** | **प्रतिशत** |
| ६. | विपद तथा जलवायु परिवर्तन | प्रशासनिक | ७५०,००० ।०० | ७४१,१९५ ।०० | ९८.८३ |
| | | तलब भत्ता खर्च | १,५००,००० ।०० | १,४८० ।९७५ ।०८ | ९८.७३ |
| | | कार्यक्रम खर्च | ४,४५०,००० ।०० | ४,४६६,१३६ ।४७ | १००.३६ |
| | | **जम्मा** | **६,७००,००० ।००** | **६,६८८,३०६ ।९४** | **९९.८३** |

**महिला, कानुन र विकास मञ्च (FWLD)**

७२, आदर्श मार्ग
पो.ब.नं. २६५३८
थापाथली, काठमाडौं, नेपाल
फोन नं.: ९७७-१-५३३३५२४/५३३३५२५
इमेल: info@fwld.org
URL: www.fwld.org